
# नीति, कार्यक्रम तथा वार्षिक बजेट
# आ.ब. २०८२।०८३

## भागेश्वर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### बगरकोट, डडेल्धुरा



**भागेश्वर गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**बगरकोट, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**



## दुई शब्द

नेपालको संबैधानिक व्यवस्था अनुरुप गठन भएको स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भए पछिको पहिलो, दोश्रो र तेस्रो आ.ब. को बार्षिक नीति तथा कार्यक्रमको सफल कार्यान्वयन पश्चात आगामी आ.ब. २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम यस पुस्तिका मार्फत सार्वजनिक गर्न पाउँदा हर्षित भएको छु । संविधान प्रदत अधिकार बमोजिम स्थानीय सरकारको मूल्य मान्यता र भावना अनुसार जनताको घर दैलोमा सरकार आएको अनुभूति दिलाउन र निर्वाचनको समयमा जनता समक्ष गरेको प्रतिवद्धतालाई व्यवहारत: पूरा गर्ने दिशामा यो नीति तथा कार्यक्रमले थप योगदान गर्नेछ भन्ने मैले अपेक्षा लिएको छु ।

भागेश्वर गाउँपालिकाको समग्र क्षेत्रको विकास तथा उन्नतीका साथै स्थानीय सरकार सञ्चालनको जिम्मेवारी हाम्रो काँधमा आएको सन्दर्भमा हाम्रो बुद्धि विवेक र क्षमताले भ्याए सम्म नेपालको संविधानले परिकल्पना गरेको संबैधानिक मर्म र भावनाको अधिनमा रही स्थानीय श्रोत साधन र आवश्यकतालाई मद्येनगर गर्दै भागेश्वर गाउँपालिकाको आ ब २०८२।०८३ को बार्षिक नीति  कार्यक्रम तथा बजेट ल्याउने प्रयास गरेका छौं ।

अन्त्यमा, "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार: समृद्ध भागेश्वर गाउँपालिकाको आधार" भन्ने यस गाउँपालिकाको मूल नारालाई सार्थक रुप दिन आगामी आ ब २०८२।०८३ को बजेट तथा कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा लिएको छु । बजेट तथा नीति कार्यक्रम तर्जुमा तथा गाउँसभाबाट बजेट तथा कार्यक्रम पारित गर्ने कार्यमा सहयोग गर्नहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु लगायत सरोकारवाला सबै एवम् भागेश्वर गाउँबासीहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्दछु । साथै बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरु सबैको सहयोग, सहकार्य र अपनत्व रहनेछ भन्ने मैले विश्वास लिएको छु ।

धन्यवाद ।

हेमराज चटौत
अध्यक्ष
भागेश्वर गाउँपालिका बगरकोट, डडेल्धुरा

**भागेश्वर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बगरकोट, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**



# दुई शब्द

कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार: समृद्ध भागेश्वर गाउँपालिकाको आधार भन्ने यस गाउँपालिकाको मूल नारालाई सार्थक रुप दिन तथा जनचाहना अनुरुप व्यापक जनसहभागिताको अपेक्षा सहित समुन्नत भागेश्वर गाउँपालिका निर्माणको लागि भागेश्वर गाउँपालिकाको सत्रौं गाउँ अधिवेसनबाट पारित भएको आ. ब. २०८२।०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई पुस्तक मार्फत सार्वजनिक गर्न पाउँदा हर्ष महसुस भएको छ । आम गाउँवासीहरुलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्नु स्थानीय सरकारको कर्तव्य भएकोले गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट पनि सोही दिशातर्फ परिलक्षित गरी तर्जुमा गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अनिवार्य रुपमा गर्नुपर्ने प्रक्रियाहरुलाई विभिन्न ७ चरण र २४ क्रियाकलापहरुमा वर्गीकरण गरिएको छ । ति तोकिएका चरण तथा क्रियाकलापहरुलाई चरणबद्ध रुपमा समय सीमा भित्रै सहभागितामूलक प्रक्रिया अवलम्बन गरी आवश्यकता र प्राथमिकता अनुसार दिगो विकासको लक्ष्य हासिल हुन सहयोग पुग्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । यस पुस्तिकामा समावेश भएका कार्यक्रमहरुको व्यवहारिक कार्यान्वियनबाट मात्र गाउँपालिकाले सोचेको विकासका लक्ष्यले सार्थकता पाउने हुँदा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वियनमा सम्पूर्ण भागेश्वर गाउँवासीहरुको सकारात्मक, रचनात्मक तथा सिर्जनशील सल्लाह, सुझाव, सहयोग तथा सक्रिय सहभागिताको समेत अपेक्षा गरेकी छु ।

अन्त्यमा, समग्र योजना तथा कार्यक्रम एवं विभिन्न सुचनाहरु सहितको यो पुस्तिका तयार गर्नमा महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सम्पूर्ण गाउँबासीहरु लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

धन्यबाद ।

पुष्पा ठकुराठी

उपाध्यक्ष

भागेश्वर गाउँपालिका बगरकोट, डडेल्धुरा

भागेश्वर गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**बगरकोट, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**



# दुई शब्द

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरे अनुसार स्थानीय तहले स्थानीय सरकारको भूमिका निर्वाह गर्दै जनताको नजिकबाटै जनताको घरदैलोमा सार्वजनिक सेवा र विकास पुर्याउदै आइरहेका छन् । भौगोलिक कठिनाई, सिमित न्यून साधन श्रोत  लगायत विभिन्न आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक परिवेशको कारणले जनअपेक्षा अनुसार पूर्ण रुपमा सेवा र विकास स्थानीय सरकारले दिन नसकेतापनि आफुसँग भएको श्रोत साधनको आधारमा स्थानीय टोल बस्तीबाट प्राथमिकतामा परि आएका योजना तथा कार्यक्रमहरु तथा गाउँपालिकाको आवश्यकतालाई ध्यानमा राख्दै भूगोल, जनसंख्या र विद्यमान विकासको अवस्था जस्ता पक्षहरुको विश्लेषण गरी योजना छनोटका सम्पूर्ण चरणहरु पुरा गर्दै जनादेश प्राप्त गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा लैजाने व्यवस्था अनुरुप आ. ब. २०८२।०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट यस पुस्तिका मार्फत प्रकाशित गरिएको छ ।

विभिन्न विषयक्षेत्रहरु लगायत विभिन्न वर्ग, क्षेत्र, जातजाती लगायत समावेशी विकासका पक्षलाई ध्यानमा राखी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र यस गाउँपालिकाको न्यून आन्तरिक श्रोतको आधारमा बढी भन्दा बढी सेवा र विकासलाई प्रभावकारी र समावेशी बनाउने प्रयास गरी बजेट तर्जुमा गरिएको छ । यो पुस्तिका मार्फत जनसमक्ष ल्याइएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण भागेश्वर गाउँबासीहरुबाट सकारात्मक सहयोगका साथै आवश्यक सुझाव र पृष्ठपोषणको अपेक्षा गरिएको छ ।

अन्त्यमा, यस गाउँपालिकाको आ. ब. २०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम तयारी तथा निर्माणमा अहोरात्र खटि यो पस्तक प्रकाशन कार्यसम्म महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु, कर्मचारी मित्रहरु लगायत सम्बद्ध सबैको साथ सहयोगका लागी हार्दिक कृतज्ञता व्यक्त गर्दै पून: योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैको साथ, सहयोग एवं मार्गदर्शनको अपेक्षा गरिएको छ ।

धन्यबाद ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
भागेश्वर गाउँपालिका बगरकोट, डडेल्धुरा

# विषयसूचि


| | | |
|---|---|---|
| १. | संक्षिप्त परिचय | 1 |
| २. | आर्थिक बर्ष २०८२।०८३ को वडास्तरीय बजेट तथा कार्यक्रम तयार गर्ने सम्बन्धी मार्गदर्शन | 2-4 |
| ३. | आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम | 5-26 |
| ४. | आर्थिक बर्ष २०८२।०८३ को बजेट वक्तव्य | 27-35 |
| ५. | आर्थिक ऐन | 36-47 |
| ६. | विनियोजन ऐन | 48-49 |
| ७. | Budget appropriation in accordance with program/ project | 1-33 |

**भागेश्वर गाउँपालिकाको संक्षिप्त विवरण :**

साविक बगरकोट, रुपाल र भागेश्वर गा. वि. स. लाई मिलाएर भागेश्वर गाउँपालिकाको स्थापना २०७३ साल चैत्र २ गते भएको हो । डडेल्धुरा जिल्लाबाट १४ कि मि पश्चिममा रहेको यस गाउँपालिकाको नामकरण यस क्षेत्रको प्रशिद्ध मन्दिर "भागेश्वर" को नामबाट गरिएको हो । धार्मिक पर्यटन, लघु जल विद्युत्त, जडिबुटी उत्पादन तथा प्रशोधन र प्राविधिक शिक्षाको प्रचुर सम्भावना भएको यस गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरु बगरकोट कमल ताल, भागेश्वर मन्दिर धुरा, बोगटा ऐतिहासिक कोट, सायल झरना आदि हुन ।

कुल जनसंख्या : १३,१३२

कुल क्षेत्रफल : २३३।३८ बर्ग कि मि रहेको छ ।

सीमाना :

पूर्व : अमरगढी नगरपालिका पश्चिम : भारत

उत्तर : अजयमेरु गा. पा. र बैतडी जिल्ला (मेलौली न. पा. र शिवनाथ गा. पा.) दक्षिण : परशुराम न. पा.

अक्षांश : ८०° १७' देखि ८०° ३३'

देशान्तर : २९° १२' देखि २९° २१' पूर्वी देशान्तरसम्म

**वडा अनुसार क्षेत्रफल र जनसंख्या विवरण :**

| वडा नं | क्षेत्रफल | घरपरिवार संख्या | जनसंख्या | | | औषत परिवार सदस्य संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | |
| १ | ६७।९८ | ५८५ | ३१२४ | १५०७ | १६१७ | ५।३४ | ९३।२० |
| २ | ३३।५५ | ३७६ | १९०८ | ९४३ | ९६५ | ५।०७ | ९७।७२ |
| ३ | ३४।८६ | ७८२ | ३५३९ | १६६१ | १८७८ | ४।५३ | ८८।४५ |
| ४ | ५०।७४ | ६९० | २८९९ | १३६७ | १५३२ | ४।२० | ८९।२३ |
| ५ | ४६।२५ | ३६१ | १६६२ | ८२६ | ८३६ | ४।६० | ९८।८० |
| जम्मा | २३३।३८ | २७९४ | १३१३२ | ६३०४ | ६८२८ | ४।७० | ९२।३३ |

## आ.ब. २०८२।०८३ को वडास्तरीय बजेट तथा कार्यक्रम तयार गर्ने सम्बन्धी मार्गदर्शन

### पृष्ठभूमि :

सबै स्थानीय तहहरुले कानूनले निर्दिष्ट गरेको समय सीमाभित्र आगामी आर्थिक वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने हुन्छ, जसका लागि तोकिएका प्रक्रियाहरु पूरा गरी विषयगत समिति तथा शाखाहरुको सहयोग र समन्वयमा दीगो, प्रभावकारी र उपलब्धिमुलक वजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । यस गाउँपालिकाको समग्र विकासका लागि वडा कार्यालयहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा वजेट सीमा सहित यो मार्गदर्शन तयार गरिएको छ । यही मार्गदर्शनलाई आधार मानी वडागत रुपमा योजना तथा कार्यक्रम छनोट गरी गाउँपालिकामा पेश गर्न यो मार्गदर्शन तयार गरिएको छ ।

### योजना तर्जुमाका लागी मार्गदर्शनहरु

### योजना छनोटको प्रक्रियागत चरण :

(क) आगामी आ.ब. २०८२।०८३ को वार्षिक योजना तर्जुमाका लागि योजना तर्जुमाको चरण नम्वर ३ अन्तरगत वस्ती तथा टोल भेलाका माध्यमबाट योजना छनोट गरि ल्याउनुपर्ने व्यवस्था भए बमोजिम मार्गदर्शन प्राप्त भए पश्चात वडा समितिको बैठक बसी वस्ती तथा टोलहरु विभाजन गर्ने र वस्ती तथा टोल भेला गर्न जिम्मेवारी वाँडफाँट गर्नुपर्नेछ ।

(ख) वस्ती तथा टोल भेला बस्ने समय र स्थानका बारेमा कम्तीमा पनि तीन दिनको समयावधी राखी सबैको सहभागीता सुनुश्चित हुने गरी सूचना प्रवाह गर्ने ।

(ग) वस्ती तथा टोल भेलामा उक्त वस्ती तथा टोलका सवै वर्ग समुदायको सहभागिता भए नभएको यकिन गर्ने र यदि कुनै सिंगो वर्ग तथा समुदाय छुटेको रहेछ भने सहभागिताका लागि प्रवन्ध मिलाउने ।

(घ) वस्ती तथा टोलबाट योजना संकलन तथा छनोट गर्दा गाउँसभाबाट स्वीकृत गरिएको यसै साथ संलग्न आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई प्राथमिक आधार मान्ने ।

(ङ) वस्ती तथा वडाबाट संकलन तथा छनोट भएका योजनालाई समुदायसँग वृहत छलफल गरी अनुसूची -२ बमोजिमको ढाँचामा वस्तीस्तरका योजना तथा कार्यक्रम संकलन तथा प्राथमिकीकरण गरी वडा समितिमा पेश गर्नुपर्नेछ ।

(च) वस्तीस्तरबाट योजना संकलन भए पश्चात सरोकारवालाहरुको समेत सहभागितामा वडा भेलाको आयोजना गरी अनुसूची - ३ बमोजिम योजना प्राथमिकीकरण र छनोट गर्नुपर्नेछ ।

(छ) वडा भेला वा छलफल गर्न सम्भव नभएमा वडा समितिले बजेट सिलिङ्गको परिधिभित्र रही योजना तथा कार्यक्रम छनोट गरी तोकिए बमोजिमको ढाँचा र समयसीमा भित्र अनुसूची ३ बमोजिम गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ज) वस्तीस्तर तथा वडास्तरका योजना छनोटमा सर्वसम्मत नभए योजना प्राथमिकीकरणका लागि योजना तर्जुमा दिग्दर्शन २०७८ ले सिफारिस गरेका विधिहरुको प्रयोग गरी प्राथमिकीकरण गर्नुपर्नेछ ।

### योजना प्राथमिकीकरणका आधारहरु :

(क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

(ग) जनताको जिवनस्तर, आम्दानी र रोजगारी सृजना गर्ने

(घ) स्थानीय जनसहभागिता, स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने तथा कम लागत लाग्ने

(ङ) महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अभिवृद्धि गर्ने

(छ) दिगो विकास, वातावरण संरक्षण, विपद व्यवस्थापन, जलवायु अनुकुलनलाई सम्वर्द्धन गर्न सघाउ पुर्याउने

(ज) स्थानीय भाषा, कला, संस्कृतीको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि गर्न मद्यत्त पुर्याउने

(झ) चालू आर्थिक वर्षमा सम्पन्न गर्न नसकिएका वा विगत वर्षदेखि नै क्रमागत योजनाका रुपमा रहेका अधुरा योजनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी क्रमागत योजनाका रुपमा छनोट गर्न प्राथमिकता दिनुपर्नेछ

(ञ) साना, टुक्रे र संख्यात्मक रुपमा धेरै योजना छनोट नगरी उपलब्धीमूलक र छिटो प्रतिफल प्राप्त हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ

(ट) योजना छनोट गर्दा गाउँपालिकाको आवधिक योजनाको लक्ष्य, उद्येश्य तथा रणनीतीहरुलाई मद्येनजर गरी सोही अनुरुपका लक्ष्य प्राप्तीमा सहायक हुने योजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

(ठ) दिगो विकासका राष्ट्रिय लक्ष्यहरुलाई सहायक हुने खालका योजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(ड) समग्र योजना तथा कार्यक्रम प्राथमिकीकरण गर्दा निम्न ५ वटा सबै विषयगत क्षेत्रहरुका योजना अनिवार्य समेटिने गरी गर्नुपर्नेछ ।

(१) **आर्थिक विकास** : कृषि तथा पशुपंछी विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय, स्थानीयस्तरमा रोजगारी प्रवर्द्धनका क्षेत्र समावेश गर्ने ।

(२) **सामाजिक विकास** : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाती) जस्ता क्षेत्र समावेश गर्ने ।

(३) **पूर्वाधार विकास** : सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिचाई, भवन, उर्जा, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने

(४) **वन वातावरण तथा विपद् व्यवस्थापन** : वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने

(५) **सुशासन तथा संस्थागत विकास** : मानव संशाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखा परीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युत्तीय सूचना प्रविधिको प्रयोग, नागरिक असन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता विषयवस्तु समावेश गर्ने ।

(ढ) यसका साथै गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्येश्य, रणनीति र प्राथमिकताहरुलाई सहयोग हुने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

(ण) योजना छनोट गर्दा कार्यक्रमगत रुपमा गर्नुपर्नेछ । अवण्डा राखी योजना छनोट गर्न पाइने छैन ।

(त) राजनीतिक दल तथा तिनका भातृ तथा भगिनी संगठनहरुलाई सहयोग पुग्ने खालका योजना छनोट गर्न पाइने छैन ।

## अनुसूची - २

## बस्तीस्तरबाट योजना संकलन गरी वडामा पेश गर्ने ढाँचा

वडा नं :                    छलफल भएको बस्ती/ स्थल                    छलफल मिति :

विषयक्षेत्र : .................................... (प्रत्येक ५ वटै विषयगत क्षेत्रको छुट्टाछुट्टै विवरण तयार गर्नुपर्नेछ)

| प्राथमिकता क्रम संख्या | आयोजना वा कार्यक्रमको नाम | संचालन स्थल (वडा, बस्ती र स्थान) | लाभान्वित घरधुरी, जनसंख्या, समुदाय | अनुमानित लागत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ३

## वडा समितिबाट योजना प्राथमिकीकरण गरी गाउँपालिकामा पेश गर्ने ढाँचा

| प्रस्तावित आयोजना तथा कार्यक्रमको विवरण | | | माग गर्ने टोल समुदाय समूह संस्था | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | अनुमानित लागत तथा प्रस्तावित श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | प्राथमिकता | | | | समुदाय | गा. पा. | अन्य | जम्मा |
| **आर्थिक विकास** | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार : समृद्ध भागेश्वर गाउँपालिकाको आधार"

भागेश्वर गाउँपालिकाका उपाध्यक्ष श्री पुष्पा ठकुराठीज्यूले मिति २०८२ आषाढ ५ गतेका दिन गाउँसभाको १७ औं अधिवेशनमा प्रस्तुत

# आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम

भागेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

यस गरिमामय सभाका सदस्य ज्युहरु ,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु एवं उपस्थित महानुभावहरु

भागेश्वर गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको समुद्घाटन कार्यक्रममा सहभागी भागेश्वर गाउँसभा सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, सम्पूर्ण संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यू, कर्मचारी मित्रहरु, समाजसेवी, राजनीतिकर्मी, बुद्धिजीवी, सञ्चारकर्मी मित्रहरु, मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट सम्पूर्णलाई हार्दिक कृतज्ञता सहित स्वागत गर्दछु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण आमाबुवा दाजुभाई तथा दिदिबहिनी लगायत कर्मचारी साथीहरु पत्रकार मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार सहित हामी सवैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. ०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध भागेश्वर गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकासमा जोड दिदै विकासका शत्रुको रुपमा रहेको गरिवि पछौटेपन वेरोजगारी र अब्यवस्थित सुकुम्वासीको व्यवस्थापन गर्दै यस गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्न योजनावद्ध विकासलाइ यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

धार्मिक, पर्यटन, लघु जलविद्युत, जडिवुटीको प्रचुर सम्भावना भएको यो गाउँपालिकाको क्षेत्रफल २३३.३८ वर्ग कि.मि. छ । २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १३१३२ रहेको छ । यस गाउँपालिकामा जम्मा घरधुरी संख्या २४६२ रहेका छन् भने २७९४ घरपरिवार रहेका छन् । परिवारको औषत आकार प्रति घरपरिवार ४.७० ब्यक्ति रहेको छ । यस गाउँपालिकाका पर्यटकिय स्थालहरुमा भागेश्वर मन्दिर धुरा, साइल झरना, गर्गक्षेत्र, महादेवक्षेत्र, महाकाली नदी, असिग्राम मन्दिर, जगातीघर, चमेरो गुफा भर्ता, लेकुडाको झरना, अन्तरकुलो, उर्वर भूमि राडिलको सेरो, ऐतिहाँसिक प्रसिद्ध वोगटाकोट, गँगेश्वरधाम, वगरकोटमा रहेको कमलताल, तप्तकुण्ड पासा देवताको पवित्र मन्दिर, घटालथान र लाटाबुङ्गा झरना समेत अन्य तमाम धार्मिक एवं ऐतिहासिक ठाउँहरुमा पनि प्रचुर मात्रामा धार्मिक एतिहासिक तथा पयर्टकिय स्थलहरु रहेका छन ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर

वनाएकोछ । वसाइसराइका कारण यस गाउँपालिका अन्तरगत गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन्। उब्जाउ खेत वारी बाँझो हुन पुगेकोछ । यस सन्दर्भमा युवालाइ पालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधाहरुमा विना भेदभाव सर्वसुलभ रुपमा सेवा प्रवाह गर्न बिद्युतीय सुशासन प्रणालीलाइ प्रभावकारी रुपमा अगाडी बढाउनु पर्ने अवस्था छ ।

**उपस्थित महानुभावहरु**

यस गाउँपालिकाको विकास तथा समृद्धिका लागि हामीसंग देहाय बमोजमका अवसर चुनौतीहरु विद्यमान रहेका छन् ।

**अवसरहरु**

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच उन्मुख हुनु ।
- कृषि तथा लघु उद्यम क्षेत्रको विकासको लागि कच्चा पदार्थको उपलब्धता हुन ।

**विद्यमान चुनौतीहरूः**

- वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग, योज,ना डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच पुऱ्याउनु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना तथा नक्सापास गर्न नागरिकको आकर्षण बढाउनु।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- भिरालो ठाउँ, बाढी पहिरोको प्रकोपले उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ ढुङ्गा गिट्टिको मापदण्ड अबलम्बन गरि अत्यधिक दोहन रोक्नु जस्ताकार्य चुनौतीका रुपमा रहेका छन् ।

**उपस्थित महानुभावहरु,**

हाम्रा सामु रहेका विकास निर्माणका विभिन्न चुनौति तथा समस्याका बावजुद सिमित श्रोत साधानबाट पनि भागेश्वर गाउँपालिकाले चालु आ.व.२०८१/०८२ मा सम्पन्न गरेका केही महत्वपूर्ण योजनाहरुको उपलब्धीको वारेमा तथ्यगत विषय प्रस्तुत गर्न चाहन्छु ।

- सडक पूवार्धार तर्फ चालु आ.व.२०८१।०८२ मा १४.९३ किमि नयाँ सडकको ट्र्याक खोल्ली दुरदराजको वस्तिमा रहेका नागरिकहरुलाई यातायातको सुविधासँग जोड्ने काम भएको छ। आ.ब. २०७९।०८० देखि हाल सम्म ६५.०३ कि.मि. सडक निर्माण भएको छ ।
- स्थानीय जनप्रतिनिधि निर्वाचित भएको दोस्रो कार्यकाल आ.व.२०७९।०८० देखि हाल सम्म मात्रै वडा नं. ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवा सुचारु गरिएको छ भने वडा नं. २ को लेकुडा वर्थिङ सेन्टरको भवन, वडा नं. ५ को वर्थिङ सेन्टर भवन निर्माण भई सेवा प्रवाह सुरुवातको तयारीमा रहेको छ । आ.व.२०७९।०८० देखि हाल सम्म यस गा.पा.का विभिन्न विद्यालयमा २ कोठे र ४ कोठे गरि ८ वटा विद्यालय भवनहरु निर्माण भएका छन् । चालु आ.ब. २०८१।०८२ मा वगरकोट स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न हुने चरणमा रहेको र गाउँपालिका स्तरीय १० शैयाको अस्पताल भवन भुईतला निर्माण भई थप निर्माण कार्य सुचारु अवस्थामा रहेको छ । चालु आवमा पत्रम बर्थिङ सेन्टर र पनिउट बर्थिङ सेन्टर निर्माणको चरणमा रहेका छन् । भागेश्वर आवि सतिगाउँ र सरस्वती नमुना माविको विद्यालय भवन निर्माणको चरणमा रहेका छन्।
- चालु आ.ब.मा गाउँपालिकाबाट सडक, सिंचाई खानेपानी पर्यटन लगायतका विभिन्न क्षेत्रमा १५४ वटा, प्रदेश सरकारबाटबाट प्राप्त समपुरक एवं विशेष गरि ३ वटा र संघिय सरकार सशर्त अनुदान ४ वटा, प्रदेश सशर्तका ७ गरी कलु जम्मा १६८ योजना कार्यान्वयन रहेकोमा उक्त योजनाहरु मध्ये कुल १३२ योजनाहरुको निर्माण कार्य सम्पन्न भई अन्तिम अनुगमन समेत भै सकेको छ । निर्माण सम्पन्न भएका मध्ये ११३ योजनाहरुको भुक्तानी भैसकेको र वाँकी योजनाहरु भुक्तानीको चरणमा रहेका छन्।
- भागेश्वर गाउँपालिकाका ५ ओटै वडाहरुमा एकिकृत स्वाथ्य शिविर संचालन गरिएको छ जसमा ७९६ सेवाग्राहीले स्वास्थ्यलाभ प्राप्त गरेका छन् । स्वास्थ्य संस्थामा रहेका १२ स्वास्थ्यकर्मीहरुलाई ५ दिने तथा १४ स्वयंसेविकालाई ९ दिने आधारभूत क्षमता अभिबृद्धिका तालिम अभिवृद्धि गर्ने कार्य गरिएको छ । गर्भवती जाँचका लागि भिडियो एक्सरे घुम्ती शिविर पाँचवटै वडामा संचालन गरि १३६ जनाले सेवा प्राप्त गरेका छन्। आँखा शिविर संचालन गरि १५२ जनाको स्क्रिनिङ र ४८ जनाको शल्यक्रिया गरिएको छ । आँखा, नाक, कान, घाँटी र दाँत सम्वन्धि शिविरमा ३६० जनाले सेवा प्राप्त गरेका छन् भने पोषण सुधारको लागि उपाध्यक्षको कोशेली कार्यक्रमबाट ३६० जनाले सुविधा प्राप्त गरेका छन् ।
- चालु आ.व.मा कृषि क्षेत्रमा विनियोजन भएको बजेटबाट ५०% मुल्य अनुदानमा १०७ कृषक र १८ वटा समूहलाई २०८ क्विन्टल आलु वितरण पश्चात बालि कटानि गरि उत्पादकत्व प्रती हेक्टर १४.४० टन भएको छ । नयाँ फलफुल बगैचा(आप,केरा) ४७ जना किसानले नयाँ बगैचा निर्माण

गरेको छ । तरकारी प्रवर्धन कार्यक्रमबाट १८२ जना कृषकलाई नगद अनुदान दिईएको र किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिईएको छ । ४ वटा नमुना सुन्तला बगैचा निर्माण गरेको र सुन्तला फलफुल विरुवा स्याहार तर्फबाट १०८ जना कृषकलाइ नगद अनुदान प्रदान गरिएको छ । मौरीपालन,बाख्रापालन तथा अमिलोजातका फलफुल विकास कार्यक्रम बाट ५५ जनालाई मौरी घार र उपकरण वितरण गरिएको छ भने ९६ जना कृषकलाई अमिलो जात फलफुल तथा १ मौरी घार राख्ने नमुना मौरी घर निर्माण गरिएको छ । पोषण विशेष कार्यक्रमबाट वडा नं. २ रुपालका सबै टोलमा तरकारी विउ र सामाग्री वितरण गरिएको, एक पालिका एक नमुना नगदे बालि (फलफुल) सिचाई कार्यक्रमबाट १६ वटा फर्म र १ समुहमा सिचाइ पुर्वाधार निर्माण गरिनुका साथै सवै वडा कार्यालयवाट गरि ३९२८ जना कृषकलाई कृषि प्रसार, वाली संरक्षण सेवा प्रदान गरिएको छ ।

- पशु विकास तर्फ आ.व. ०८१।०८२ मा नियमित पशुपन्छी उपचार सेवा अन्तर्गत जम्मा १३६६ सेवाग्राही सेवा लिएका छन भने ७७४३ पशुपन्छीहरुको उपचार तथा परामर्श दिईएको छ।गाउँपालिका दुर्गम टोल बस्ति लक्षित गरी पशु स्वास्थ्य शिविर संचालन गरि शिविरबाट ७६ जना कृषकले सेवा पाएका छन् भने १९५५ पशुपन्छीको उपचार तथा सेवा परामर्श भएको छ।चालु आ.व. मा भागेश्वर गाउँपालिकाको आरकुडा,मेल्टामा बाख्रा पकेट बिकास कार्यक्रम संचालन गरि बाख्रा पकेट कार्यक्रमबाट १८ जना कृषकका खोर निर्माण भएका छन।आयआर्जनमा जोड दिने उद्देश्यले बाख्रापालन कार्यक्रम अन्तर्गत २८ जना कृषकको खोर सुधार तथा निर्माण भएको छ।कृत्रिम गर्भाधान सुचारु रहेको छ।यस आ.व. मा ५ वटा भैंसि र १४ वटा गाईमा कृत्रिम गर्भाधान गरिएको छ।भागेश्वर गाउँपालिका २ बयलपाटामा आकस्मिक रुपमा १ दिने रेबिज खोप अभियान कार्यक्रम संचालन गरिएको छ।
- महिला बालवालिका तथा जेष्ठ नागरिक शाखाबाट चालु आ.ब.मा संचालित भएका कार्यक्रम लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा पुरुषको सहभागीतामा ८० जना महिला ७३ जना पुरुष गरि जम्मा १५३ जनालाई सचेतिकरण कार्यक्रम सम्पन्न गरिएको छ । महिला नेतृत्व विकास सम्वन्धी ३५ जनालाई ३ दिने नेतृत्व विकास, महिलाको गुणस्तरीय जीवन सुधारको लागि पछाडी परेका दलित विपन्न महिला छनौट गरि १६५ जनलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । बालश्रम अन्त्यको लागि ५१ जना सम्मिलित गरि १ दिवसिय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । अपाङ्गता दिवस राष्ट्रिय बाल दिवस, हरितालिका तिज, महिला दिवस लगायत विभिन्न दिवसीय कार्यक्रम सम्पन्न गरिएको छ ।
- दलित लक्षित कार्यक्रम तर्फ प्रत्येक वडामा दलित सशक्तिकरण सम्वन्धी १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरि पाँच ओटै वडामा १५७ जनाको सहभागीतामा कार्यक्रम सम्पन्न भएको छ । जनजातीका लागि विनियोजन भएको बजेटबाट वडा नं ५ मा जनजाती टोलमा मारुनी नृत्य संरक्षण तथा अल्लो प्रशोधन केन्द्र मर्मत सम्भारको लागि बजेट विनयोजन गरि कार्यक्रम संचालनमा रहेको छ ।

- न्यायीक समितिमा चालु आ.व.मा १ वटा उजुरी दर्ता भएको उक्त उजुरी फछ्यौट भई समुदायिक मेलमिलापकर्ता सम्मिलित सबै वस्ति समावेश हुने गरि पाँचवटै वडामा स्तरीय कानूनी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २१ जनासंग सुरक्षित आवास निर्माणको लागि सम्झौता भई कार्यान्वयनमा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गराउने कार्य सम्पन्न भएको र असक्त अपाङ्ग तथा हिडडुल गर्न नसक्ने व्यक्तिको हकमा निजको संरक्षकले बैंकबाट बुझ्न सक्ने गरी आवश्यक व्यवस्था मिलाईएको छ । सानिमा बैङ्क संग आवश्यक समन्वय गरि दोस्रो त्रैमासिकबाट वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बुझ्न सक्ने गरि शुरुवात गरिएको छ ।
- समुदाय स्तरमा सरसफाई प्रवर्द्धनका क्रियाकलापहरु सक्रियता साथ संचालन गरि व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाईमा विशेष जोड दिइएको छ चालु आ.व.मा ३३९ च्याङ जुठ्यान निर्माण गरिएको छ भने यसै आ.ब. मा ५५० फिल्टर र ५५० बाल्टिन खरिद गरि बितरण प्रकृयामा रहेको छ । ३ वटा खानेपानी योजनाको नमूना मुहान संरक्षण तथा पुनः भरणको कार्य संचालन भई सम्पन्नको चरणमा रहेको छ ।
- उद्यम विकास तर्फ चालु आ.व. मा अल्लो प्रशोधन तथा कपडा बुनाईमा ११ जना, दुना टपरी बनाउनेमा १४ जना, एडभान्स सिलाई तालिममा १५ जना, हौजियारीमा २७ जना, मौरि पालनमा २८ जना,बाख्रा पालनमा २९ जना, बाँस निगालो फर्निचरमा १५ जना र धुप उत्पादनमा १८ जना गरि १५७ जनाले विभिन्न सिप विकास तालिम लिएका लाभग्राहिलाई बिभिन्न आधुनिक मेसिन औजार उपलब्ध गराई ब्यवसाय उन्मुख गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १६ जनालाई प्लम्विङ र २४ जनालाई हाउसवाईरिङ गरि ४० जनाको सिप विकास भएको छ भने थप ४० जनाले १०० दिन बरावरको रोजगारी प्राप्त गरेका छन् । बिदेशिक रोजगारीको लगि जानु पुर्व लिनुपर्ने श्रम स्वीकृति पालिकाबाटै सिफारिस गर्ने गरी मन्त्रालयबाट निर्देशन भएकोमा चालु आ.ब.मा १ जनाको श्रम स्वीकृती सिफारिस गरि स्वीकृती समेत प्राप्त गरेको अवस्था छ ।
- शिक्षामा गुणस्तर सुधारको लागि चालु आ.व.मा समेत प्र.अ. संग ७ वटा वैठक तथा शिक्षा समितिको बैठक, शैक्षिक स्थित प्रतिवेदन, संविधान दिवसको अवसरमा माध्यमिक तह निवन्ध लेखन प्रतियोगिता, जिल्ला स्तरीय तथा पालिका स्तरीय खेलहरुमा भागेश्वर गाउँपालिकाबाट खेलाडीहरुलाई सहभागी गराई राष्ट्रपती रनिङ शिल्ड सम्पन्न गरिएको छ । लुभिभा बाल सरोकार संस्था र गाउँपालिकाको साझेदारीमा वडा नं ४ र ५ मा न्यून आए भएका बालवालिका परिवारलाई आयआर्जन कार्यक्रममा जोडिएको छ । विद्यालय खेलकुद शिक्षकका लागि २ दिने खेलकुद प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ । बिषयगत समिति गठन गरि १० बर्षे शैक्षिक योजना अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । विपद्का समयमा सिकाई आपुरण सम्वन्धि (Real Plan) कार्यान्वयन सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । ईसिडी शिक्षक तथा शिक्षक कर्मचारीका लागि EMIS तालिम तथा क्षमता विकास तालिम सम्पन्न गरिएको छ ।शिक्षक मेन्टरिङ र मेन्टर शिक्षक मेन्टी

शिक्षक र प्रधानाध्यापक बीच र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी संगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । पोषण फोकल शिक्षक र कार्यालय सहयोगीका लागि पोषण सरसफाई सम्वन्धी अभिखुखिकरण कार्यक्रम र विद्यालयका शिक्षक तथा स्वास्थ्य संस्थाका प्रमुखका लागि आईरन चक्की तथा जुकाको औषधि सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । विद्यालयको शैक्षिक तथा प्रशासनिक क्षमता अभिवृद्धिका लागि अन्तर विद्यालय भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ । चालु आवमा विभिन्न विद्यालयमा फलफूल बगैचा, शौचालय मर्मत, पोषण सप्ताह तथा फरक क्षमता भएका बालवालिकालाई आवश्यकतामा आधारित शैक्षिक सामग्री वितरण गरिएको छ ।

उपस्थित महानुभावहरु,

अब म यस भागेश्वर गाउँपालिकाको आगामि आर्थिक बर्ष २०८२।०८३ का लागि गाउँकार्यपालिकाबाट सिफारिस भई गाउँसभामा पेशहुन आएको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु । गाउँपालिकाको नीति तथा कार्यक्रम तयारीको ढाँचाहरुलाई अनुसरण गरि यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरुलाई आधारको रुपमा लिएको छु ।

- नेपालको संबिधानमा ब्यवस्था भएका नीति, मार्गदर्शक सिद्धान्त, मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखित स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषयहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिगदर्शन, २०७८, (परिमार्जित)
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- संघीय र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु,
- नेपाल सरकारको आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम र वजेट वक्तव्य,
- सुदुरपश्चिम प्रदेश सरकार को २०८२।०८३ नीति तथा कार्यक्रम तथा बजेट वक्तव्य,
- भागेश्वर गाउँपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु,
- संघीय सरकारद्वारा जारी सौह्रो आवधिक योजना मार्गदर्शन,
- दीगो विकास लक्ष्य २०३० लगायत नेपाल सरकारद्वारा गरिएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु,
- भागेश्वर गाउँपालिकाको पञ्चवर्षीय क्षेत्रगत आवधिक योजना,
- भागेश्वर गाउँपालिकाको त्रिबर्षिय मध्यमकालिन खर्च संरचना
- गाउँपालिकाले तयार पारेका नीति, कार्यबिधि, निर्देशिकाहरु,
- विषयगत समितिबाट आएका नीतिगत विषयहरु,
- स्थानीय सरोकारवालाहरुसँगको सुझावहरु

**सदस्य ज्यूहरु,**

स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुरुप उल्लेखित योजना तर्जुमाका सात चरण अन्तर्गत भएका व्यवस्था अनुसार अभ्यासमा रहेको र यस बाहेक पनि स्थानीय तहका विभिन्न स्तरबाट बर्तमान समयको आवश्यकता र मागको आधारमा सन्तुलित तथा

सहभागितात्मक विकासको अवधारणालाई आत्मसात गरि भागेश्वर गाउँपालिकाले तयार गरेको पञ्चवर्षिय क्षेत्रगत आवधिक योजनालाई समेत मध्यनजर गरि योजना तर्जुमाका लागि वैकल्पिक विधिहरुको समेत प्रयोग गरिएको छ ।बजेट विनियोजन गर्दा वहुवर्षिय आयोजना तथा चालु आर्थिक बर्षका अधुरा योजनाहरुलाई सम्पन गर्न प्राथमिकता दिने, भागेश्वर गाउँपालिका कृषि उपजका सन्दर्भमा बढि सम्भाव्यता बोकेको गाउँपालिका भएकोले कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गरि कृषि उपजको बजारीकरणलाई प्रवर्द्धन गर्दै रोजगारी सृजना गर्ने जस्ता कृयाकलापहरुलाई प्राथमिकताका साथ लिने, बार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चापदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने तुलनात्मक लाभका क्षेत्रका आधारमा आयोजना छनौटमा प्राथमिता दिने नीति लिईनेछ । केन्द्रीय योजना बैङ्क, प्रदेश योजना बैङ्क तथा पालिका योजना बैङ्कमा योजना राख्नका लागि विभिन्न पालिकासंग मिलेर संयुक्त रुपमा समेत ठूला योजना संचालन गर्नका लागि सम्पुरक कोषको व्यवस्थाको नीति लिईनेछ ।

**उपस्थित महानुभाबहरु**

अव म यस भागेश्वर गाउँपालिकाको अगामी वर्षमा अवलम्वन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानीत सभा समक्ष पेश गर्दछु ।

## १.सामाजिक विकास तर्फ

### १.१. शिक्षा

- नियमित अनुगमन तथा पेशागत विकासका माध्यमबाट शिक्षण सिकाईमा सुधार ल्याई शैक्षिक गुणस्तर सुधार अभियान कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- किशोरीहरुमा देखा परेको मास कन्भर्जन डिसअर्डर लगायतका समस्या समाधानको लागि मनोसामाजिक परामर्श तथा **Happiness** कक्षा संचालन गरिनेछ । वालवालिकाको स्वास्थ्य परिक्षणका लागि विद्यालय स्वास्थ्य प्रोफाईल कार्ड लागु गरिनेछ ।
- भागेश्वर गाउँपालिकाले शिक्षाको पहुँचलाई सर्वसुलभ बनाउन हाम्रो शिक्षा प्रणालीलाई व्यापक सुधार गर्दै सवैलाई गणस्तरीय शिक्षा दिलाउन रट्ने र घोक्ने खालको परम्परालाई निरुत्साहित गर्दै बालविकास देखि माध्यमिक तह सम्म सोध्ने, सोच्ने र सिक्ने शिक्षा परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै शिक्षामा सुधार ल्याउने नीति अवलम्वन गरिनेछ । विद्यालय भर्नादरलाई कायम राख्दै विद्यालय छोड्ने दर घटाउदै र रिटेन्सन दर बढाउने नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- पालिका स्तरीय शिक्षा कोष स्थापना गरिनेछ ।
- विद्यालय प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि प्रधानाध्यापकको क्षमता विकास गरिनेछ । कक्षा ८ र १० मा उत्कृष्ट नतिजा ल्याउने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।
- कक्षा १ देखि ८ सम्म स्थानीय पठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- छात्रालाई विद्यालयमै निशुल्क स्यानिटरी प्याडको व्यवस्थालाई थप सर्वसुलभ रुपमा प्राप्त गर्ने व्यवस्था मिलाएको छु ।
- कुनै एक स्थानमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ । विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार सहितको आईसिटि कक्षा, IT स्रोत शिक्षक, लैङ्गिक मैत्री शौचालय, अपाङ्ग मैत्री संरचनाको व्यवस्थापन

गर्दै सम्पूर्ण विद्यालयहरुलाई प्रविधि मैत्री बनाई प्रविधि मैत्री शिक्षामा जोड दिईनेछ र सूचना प्रविधिको प्रयोगको लागि ICT फोकल शिक्षक तोकी सो को लागि आवश्यक तालिम कार्यक्रम संचालन गरिनेछ ।

- ❖ हरेक वडामा कम्तिमा एउटा विद्यालयमा नमूना प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिनेछ ।
- ❖ अभिभावक शिक्षक विद्यार्थीलाई शिक्षाप्रति जिम्मेवार बनाउन र अपनत्व ग्रहण गर्न प्रत्येक विद्यालयबाट टोलभेला, मासिक घरदैलो कार्यक्रम गरि अभिभावकको उपस्थिति बढाउन आवश्यक पहल गरिनेछ । त्रैमासिक रुपमा सत प्रतिशत उपस्थिति हुने विद्यार्थीका अभिभावकहरुलाई सम्मान गर्ने नीति लिईनेछ । प्रत्येक विद्यालयमा अभिभावक र विद्यार्थीका लागि प्रभावकारी गुनासो संयन्त्रको व्यवस्था गरिनेछ ।
- ❖ जीवनपर्यन्त सिकाई नीतिलाई प्रोत्साहन गर्दै सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाई केन्द्र स्थापना गरि विषयगत शिक्षकहरुको त्रैमासिक भेला आयोजना गर्दै आफूसंग भएको ज्ञान सिप र अनुभव अन्य शिक्षक संग बाड्ने अवसरको सृजना गरिनेछ ।
- ❖ विद्यालयमा दिईदै आएको दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित गरि स्थानीय परिकारमा जोड दिईनेछ ।
- ❖ यस पालिकामा स्थायी बसोबास भएका सामुदायिक विद्यालयमा SEE सम्म अध्ययन गरेका विद्यार्थीहरुलाई योग्यता र पारिवारिक अवस्था हेरी १ जना स्वास्थ्य तर्फ, २ जना कृषि तर्फ, १ जना बनविज्ञान तर्फ, ३ जना ईन्जिनयर तर्फ, १ जना पशुसेवा तर्फ र १ जना **ICT** तर्फ अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ दलित विपन्न जनजाती र जेहेन्दार विद्यार्थीलाई समेत छात्रबृतिका लागि भागेश्वर छात्रबृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ ।
- ❖ समग्र शिक्षा प्रणालीलाई आर्थिक र सामाजिक रुपमा रुपान्तरण गरी सवै नागरिकलाई सक्षम सवल स्वाभिमानी बनाउन गुणस्तरीय शिक्षाको सुनिश्चितता र प्रविधियुक्त शिक्षामा सवैको पहुँच पुर्याउदै सूचना प्रविधिको तिव्र रुपमा बदलिदो अवस्था र प्रयोगलाई मध्यनजर गर्दै २१ औं शताब्दीले आत्मसाथ गरेको सिकाई पद्धतिलाई अपनाएर सहकार्यमा आधारित शिक्षा नीति अवलम्बन गरिनेछ ।
- ❖ विद्यालयमा निरन्तर अनुगमन, सुपरिवेक्षण र अवलोकनबाट विद्यालयको कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम विकासमा जातिय भेदभाव विरुद्धका पाठहरु समावेश गर्दै शिक्षक व्यवस्थापनमा दलित शिक्षकलाई प्राथमिकता दिईनेछ ।

## <u>१.२ कला, संस्कृती, र पर्यटन</u>

- ❖ स्थानीय स्तरमा रहेका धार्मिक पर्यटकिय, ऐतिहासिक,पुरातात्विक र उदियमान गन्तव्यको पहिचान संरक्षण र सम्बर्द्धन गर्दै उक्त क्षेत्रहरुमा सहज पहुँचको व्यवस्था मिलाउन पूर्वाधार विकास, विस्तार र स्तरोन्नती गरि आन्तरिक तथा वाह्य पर्यटकहरु भित्र्याउने नीति लिईनेछ ।
- ❖ मौलिक संस्कृति बोकेका पुराना मठमन्दिर, धर्मशाला संरक्षण गरिनेछ ।

- स्थानीय जात्रा, पर्व, उत्सव, महोत्सवहरुको बार्षिक क्यालेण्डर बनाई प्रकाशित गर्ने र लोप हुन लागेका फाग, चैत, धुमारी खेल आदिको संरक्षण गर्दै प्रकाशित गर्ने व्यवस्था मिलाईनेछ ।
- यस क्षेत्रमा भएका परापूर्वकालदेखिका विशिष्ट सास्कृतिक सम्पदाहरु परम्परागत तथा पुरातात्वीक महत्वका सामग्री र कला सिपसंग सम्वन्धित सामग्रीहरु संकलन गरी एउटा संग्राहालय स्थापनाको लागि पहल गर्ने र यस क्षेत्रका धार्मिक र पर्यटकीय स्थलहरुको डकुमेन्ट्रिलाई देश विदेशमा समेत प्रचार प्रसार हुने गरि आवश्यक व्यवस्था मिलाईनेछ ।
- डडेल्धुरा जिल्लाको मेरुदण्डको रुपमा रहेको महाभारत पर्वतको संरक्षणका लागि जनचेतना जगाउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- कला संस्कृतिलाई संरक्षण गर्न सवै पालिका र सरोकारवाला निकायको सहकार्यमा जिल्लामा कला साहित्य र संस्कृति सम्वन्धी बिज्ञको परामर्शमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
- प्राकृतिक विशिष्टता, साँस्कृतिक वैभवता, गौरवपूर्ण ऐतिहासिकता, रुपान्तरण योग्य आध्यात्मिकता, सुन्दर भूबनोटका कारणले यस पालिकामा प्रचुर मात्रामा पर्यटनको सम्भावना हुँदाहुदै पनि अपेक्षित लाभ लिन नसकेको बर्तमान परिस्थितिमा पर्यटन प्रबर्द्धनलाई महत्वका साथ अगाडी बढाउने नीति लिईनेछ ।

## **१.३. युवा तथा खेलकुद**

- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्षसंग युवा कार्यक्रम संचालन गरि खेलकुदको विकास गरिनेछ।
- यस पालिकाकामा रहेका विद्यालयहरुमा खेलकुदलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ। पालिकामा नियुक्त गरिएको खेलकुद प्रशिक्षकलाई पालै पालो माध्यमिक विद्यालयहरुमा समेत परिचालन गरिनेछ ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। युवहरुको ब्यक्तिगत क्षमता विकास गर्न युवा संसद कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

- गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

**१.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराउँदै सघन रूपमा परिचालन गरिनेछ।
- "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। बालश्रम अन्त्य गरि बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप कार्यक्रम संचालन गरिनेछ ।
- बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिकालाई बालमैत्री बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**१.५. स्वास्थ्य**

- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता र क्षमता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
- सवै वडाका स्वास्थ्य संस्थाहरुमा तालिम प्राप्त जनशक्तिबाट गर्भवती र सुत्केरी महिलाहरुका लागि संचालनमा रहेको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- घरैमा हुने प्रसुतीलाई शुन्य बनाउन भागेश्वर गाउँपालिका वडा नं. २ लेकुडा बर्थिङ सेन्टर, वडा नं. १ पनिउट बर्थिङ सेन्टर, पत्रम बर्थिङ सेन्टर, वडा नं ३ को लामिकाण्डे सामुदायिक ईकाई र वडा नं ५ सिराडमा रहेको बर्थिङ सेन्टर स्थापना तथा व्यवस्थापन गरि संचालनमा ल्याईनेछ । वडा नं. ४ को चौडमा गाउँघर क्लिनिक स्थापनाको लागि बजेट ब्यवस्था गरिनेछ । विभिन्न टोल बस्तीबाट पालिकाका पायक पर्ने बर्थिङ सेन्टरसम्म प्रसुतीका लागि निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ । साथै स्वास्थ्य संस्थामा डेलिभरीका लागि आएका गर्भावस्था, प्रसवावस्था तथा सुत्केरी अवस्थाका जटिल केशहरुलाई डडेल्धुरा अस्पतालसम्मको निशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- KFW जर्मन सरकारको सहयोगमा भागेश्वर वडा नं. ४ मा निर्माणाधिन बगरकोट स्वास्थ्य चौकीबाट अत्याधुनिक औजार उपकरण सहित गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- पूर्ण खोप वडा तथा पालिका सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुच पुगाउन गाउँगाउँमा स्वास्थ्य सेवा, दक्ष जनशक्ति, स्वास्थ्य विमा लगायतका आवश्यकता र अवस्था अनुरुपको जनता केन्द्रीत एकिकृत स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।
- भागेश्वर गापालाई **"पूर्ण स्वास्थ्य विमा वर्ष"** अभियानका रुपमा संचालन गरि अपाङ्गता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य विमाको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- अति दुर्गमका विद्यालयहरु र यस गा.पा.का आठओटै मा.वि.हरुका विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्न सम्वन्धित वडाको स्वास्थ्य संस्था मार्फत अनिवार्य रुपमा स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।
- यस गा.पा.मा रहेका आधारभूत स्वास्थ्यकेन्द्रमा ल्याव सेवा संचालनका लागि पहल गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाको पोषण सुधार गर्न उपाध्यक्षको कोसेली कार्यक्रमलाई निरन्तरता दिएको छ।
- घर घरमा स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत उपचार स्किनिङ प्रवर्द्धन परामर्श सेवाका लागि समय समयमा वडा र समुदायमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ । जेष्ठ नागरिक, गर्भवती महिला, दीर्घरोगी, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुचमा पुग्न नसकेका ब्यक्तिलाई नियमित परिक्षण परामर्श औषधी उपचार सहतिको सेवा उपलब्ध गराइनेछ ।
- रुपाल भागेश्वर आयुर्वेद औषधालयको स्तरोनती गर्दै परम्पारागत उपचार पद्धतीबाट उपचार गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गरिने छ र कम्तीमा महिनाको एक पटक घुम्ती योग शिविर संचालन गरिनेछ।
- नियमित स्वास्थ्य परिक्षणका लागि वडा स्तरमा सुविधा सम्पन्न प्रयोगशाला निर्माण गर्ने ब्यवस्थाको शुरुवात गरिने छ । पालिका स्तरमा सुविधा सम्पन्न पोषण पुर्नस्थापना केन्द्र संचालन गरिने छ ।
- मातृ तथा बालवालिका मृत्युदरलाई शुन्यमा झार्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई दिइदै अएको खाजाखर्च र अवकासको बेला सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ ।
- भागेश्वर गाउँपालिका वडा नं ३ मा संचालनमा रहेको आँखा उपचार केन्द्र मार्फत समुदाय र विद्यालयहरुमा आँखाजाँच शिविर तथा च्यारेटी हेल्थ फाउण्डेसन नेपालसंगको सहकार्यमा शल्यक्रिया सहितको शिविर संचालन गरिनेछ ।

## २.आर्थिक विकास तर्फ

### २.१ कृषि तथा पशु विकास

- समग्र अर्थतन्त्रमा कृषि तथा पशुपंक्षी विकासले महत्वपूर्ण भूमिका खेलेको भएतापनि यस क्षेत्रको उत्थानका लागि आजसम्म हुदै आएका प्रयत्नहरु पर्याप्त नभएका कारण दिनानुदिन ठूलो परिमाणमा आयात बढी रहेको छ । प्राविधिक जनशक्तिको अभाव प्राविधिको न्यून प्रयोग कृषि मुल्य श्रृखलाको सिमित विकास उत्पादन सामग्रीको सिमितता बसाईसराई, जलवायु परिर्वतनका कारण तथा गतिशिल नीति र कार्यक्रमको अभावमा कृषि क्षेत्रमा नागरिकको आकर्षण घटदै गएको यर्थातलाई चिर्दै मूलत

किसान कल्याण, खाद्य तथा पोषण सुरक्षा, कृषि उद्योगको विकासमा आयात प्रतिस्थापन, उत्पादकत्व बृद्धि, आत्म निर्भरता, कृषि तथा पुश विकासमा आधुनीकिकरण तथा ब्यवसायीकरण भागेश्वर गाउँपालिकाको मार्ग चित्र हो कृषि तथा पशुपालनको विकासबाट केही मात्रामा भएपनि बेराजेगारी समस्या समाधान गरि आत्म निर्भर बन्न नेपालको संविधानले स्थानीय सरकारलाई दिएको जिम्मेवारी पुरा गर्ने प्रतिवद्धताका साथ अगाढी बढ्ने नीति लिइएको छ ।

- ❖ नमूनाको रुपमा कुनै एक ठाउँमा सामुहिक खेतीको अवधारणा अगाडी बढाईनेछ ।
- ❖ अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
- ❖ रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिकामा भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
- ❖ "एक गाउँ एक उत्पादन" को नीति अवलम्वन गरि कृषिमा यान्त्रीकरण आधुनिकिकरण र ब्यवसायीकरण लाई प्राथमिकतामा राखि युवाहरुलाई आर्कषित गरि उत्पादनमा आधारित अनुदान दिने प्रणलीको विकास गरि विभिन्न क्षेत्रमा पकेटक्षेत्र निर्धारण गरि उत्पादकत्वमा बृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।कृषि यान्त्रीकरणको विस्तारलाई आयआर्जनसंग जोडी बजेट तथा कार्यक्रमको व्यवस्था मिलाएको छु ।
- ❖ प्राकृतिक प्रकोप हावाहुरी असिना आदीबाट हुने क्षतिको भरपाई गर्न कृषि तथा पशु विमा कार्यक्रम लागु गर्न प्रत्येक बस्ती र समुदायमा जनचेतनामुलक कार्यक्रम संचालन गर्दै कृषि तथा पशु विमामा अनुदानको ब्यवस्था निरन्तरता दिएको छु ।
- ❖ किसानहरुको सूचिकरण र बर्गिकरण गरि उत्पादन समुह वा सहकारी मार्फत तरकारी फलफुल लगायत दलहन तेलहन तथा खाद्यान्न वाली उत्पादनमा जोड दिदै उत्पादनमा अनुदानको ब्यवस्था एवं उत्पादनको लागि प्रोत्साहनको नीति अवलम्वन गरिने छ ।नीजि क्षेत्र तथा अन्य व्यवसायीक किसान समेतको सहकार्यमा कृषि व्यवसायीकरण तथा आधुनिकिकरणको लागि आवश्यक पहल गरिनेछ ।
- ❖ पालिका स्तरमा कृषि प्रवर्द्धन केन्द्र खोल्न तथा माटो परिक्षण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- ❖ पशुपालन ब्यवसायको प्रवर्द्धनका लागि घाँस एवं डालेघाँसको विउ बेर्ना सेट उत्पादन गर्न समुह सहकारी तथा ब्यक्तिसंग सहकार्य गरि घाँसको विउ वेर्नाको श्रोतकेन्द्र स्थापना गरिनेछ ।
- ❖ यूवाहरुको आवश्यक्ता र इच्छा अनुसार कृषि ब्यवसाय संचालनका लागि उद्यमशीलता विकास गर्न र कृषिबाट रोजगारी सृजना गर्न ब्यवसायिक योजना तयारीका लागि तालिम संचालन गरिने छ । साथै सहकारीलाई कृषि उत्पादन संग जोडी स्थानीय उत्पादनको प्रशोधन वितरण साथै शित भण्डार स्थापना तथा विउ भण्डारणमा सहभागी गराई कृषि उत्पादानमा जोड दिइनेछ ।
- ❖ उन्नत विउविजन तथा उन्नत नश्लका पशुपञ्छिमा ५०% अनुदान सहित बजारीकरणका लागि कृषि एम्वुलेन्स संचालन कार्यविधि बनाई सोको संचालन तथा ब्यवस्थापन गरिनेछ ।
- ❖ भागेश्वर गाउंपालिकाको सम्भाव्यता भएका कृषि पकेट क्षेत्रहरुमा उत्पादन भएका कृषि उपजहरुलाई सहज रुपले बजारीकरण गर्न कृषि उपज खरिद केन्द्रमा कृषकले उत्पादन गरेका वस्तुहरु

वडास्तरीय कृषि संकलन केन्द्र एवं सहकारी /समुहहरुको माध्यमद्धारा खरिद विक्रि गर्ने नीति अवलम्वन गरिनेछ ।

- बाझो जग्गाको सदुपयोग गरी मुल्य शृङ्खलामा आधारित सामुहिक र सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । कृषि विषय अध्ययन गरि घरमै बसेका युवाहरुको क्षमता विकास र सामुहिक खेती तर्फ अग्रसर गराउन विउविजन मलखाद सिचाई तथा यान्त्रीकरणमा विशेष सहुलियत तथा प्रोत्साहन गरी नमुना कृषि फर्म संचालनमा ल्याउन विशेष पहल गरिनेछ ।
- गाउँपालिकालाई **सुन्तलाजात फलफुल उत्पादन विशेष क्षेत्र** स्थापना गरी गाउँपालिकाको एक चिनारीको रुपमा विकास गर्न फलफुल ग्रेडिङ तथा प्याकेजिङ गरी बजारीकरण गर्ने व्यवस्था गरिनेछ ।
- दुग्ध जन्य पदार्थको उत्पादन तथा वजारीकरण गर्न एवं बाख्रापालन व्यवसाय गर्ने कृषकहरुको जीवनस्तरमा सुधार ल्याउन विभिन्न अनुदानका कार्यक्रम संचालन गरिनेछ ।
- नवप्रवर्तनशिल र लघुउद्यम केन्द्रित कार्यक्रम संचालन गरि स्थानीय उत्पादनको पहिचान, बर्गिकरण र नक्साङ्कन गरि उत्पादनलाई बजारसंग जोड्न बजेटको ब्यवस्था गरिनेछ ।
- सार्वजनिक खरिदमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिई उद्यमीलाई आवश्यक पर्ने जग्गा, पूर्वाधार र अन्य सुविधा उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।
- सामुहिक उद्योग क्लष्टर तथा एकिकृत उद्यम सहायता केन्द्र स्थापना गरि औद्यौगिक ग्राम निर्माण तथा संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- साना मझौला उद्योग (एसएमई) र स्टार्टअपहरुलाई विशेष प्राथमिकता दिई उद्यम दर्ता प्रकृयालाई सरल र सहज प्रभावकारी बनाउने नीति लिईनेछ ।

## २.२. सहकारी

- सहकारीले अवलम्वन गरेको एक घर एक सहकारी सदस्यको नीतिलाई कार्यान्वयन गरि पालिका भित्र रहेका सहकारीहरुलाई प्रभावकारी रुपमा नियमन गर्दै सहकारीहरुको ब्यवसायीकरण र प्रविधिमैत्री बनाई  कृषिजन्य मल, विउ, यन्त्र, उपकरण आदी सहकारी मार्फत विक्री वितरण गर्ने प्रकृयालाई ब्यवस्थित र प्रभावकारी बनाउदै कृषि र पशु सेवाको क्षेत्रमा काम गर्ने सहकारीहरुलाई बहुद्देशिय सहकारी संस्थाको रुपमा रुपान्तरणको नीति लिइने छ ।
- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।संचालित सहकारीको अनुगमन तथा नीरिक्षणको लागि कोपोमिस प्रणालीलाई प्रभावकारी रुपमा संचालन र व्यवस्थापन गरिनेछ ।
- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

## १.३. भुमि व्यवस्थापन

- भूमिको वहुआयामिक उपयोगलाई बैज्ञानिक र दिगो बनाउन पालिकाको भू-उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणिकरण, जग्गा नापजाँच र पूर्जा वितरण समेतको कार्य अविलम्व सम्पन्न गरि भूमि समस्या तथा समाधान आयोग संग आवश्यक समन्वय र सहकार्य गरि जमिनको नाँपनक्सा गराई लालपूर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- मुक्त हलिया परिचपत्र प्राप्त नगरेका, सुविधा पाउन बाँकी रहेका मुक्त हलियाहरुको पहिचान गरि आवश्यक पर्ने कार्यविधि निर्माण गरि मुक्त हलियाको पुन:स्थापनाको कार्य प्रारम्भ गरिनेछ ।
- भूमि बैंक स्थापना र सञ्चालन गर्न आवश्यक कानून निर्माण गरि कार्यान्वयन गरिनेछ ।

## ३.पूर्वाधार विकास तर्फ

- भौतिक पूर्वाधार विकास निर्माणको मेरुदण्ड भएका कारण भौतिक पूर्वाधारको विकास विना सवै क्षेत्र अपुरो हुन्छ । शिक्षा स्वास्थ्य पोषण खानेपानी र फोहरमैला ब्यवस्थापन जस्ता सामाजिक पूर्वाधारको विकास मर्यादित मानवीय जीवनका लागि अनिवार्य हुन्छ भने सडक विद्युत संचार उद्योग कृषि पर्यटन क्षेत्रको विकास झनै जरुरी हुन्छ । पालिकाको आर्थिक गतिविधिलाई केन्द्रीय मुलधारमा जोडन तत् अनुसार पूर्वाधार विकासमा जोड दिइनेछ ।
- वडा नं ३ मा रहेको भागेश्वर स्वास्थ्य चौकी भवन निर्माण गरिनेछ ।

## ३.१. सडक

- पालिका भित्रका सडक संजालहरुलाई चुस्त दुरुस्त राख्न यातायात गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सवै वडा सदरमुकाम सम्म बाहै महिना सडक संचालन हुने गरि आवश्यक ब्यवस्था मिलाईने छ ।
- सडक संजाल नपुगेका बस्तिहरुमा यसै आ.व.मा सडक सुविधा पुर्‍याउने समन्वय र सहकार्य गरिनेछ । आगामी आ. व. लागि गाउँपालिबाट समेत बजेट स्रोत बमोजिम आवश्यक बजेट बिनियोजनको व्यवस्था मिलाईको छु।
- सवै वडालाई समेटने गरि पालिका भित्र चक्रपथ लाई प्राथमिकताका साथ अगाडी बढाई सवै बस्तिहरुलाई वढी भन्दा वढी समेटने प्रयास गरिनेछ ।
- पर्यटकीय स्थल जोड्ने सडकहरुलाई प्राथमिकताका साथ अगाढी बढाइने छ ।

## ३.२. विद्युत

- विद्युतीकरण हुन बाकी रहेका सम्पूर्ण वस्तिहरुमा विद्युतिकरणको लागि सम्वन्धित निकायमा पहल गरी चालु आ.ब. भित्रै पूर्ण विद्युतिकरणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

## ३.३. सूचना तथा संचार

- पालिका भित्र रहेका सम्पूर्ण कार्यालयहरु र विद्यालयहरुलाई ईन्टरनेटसँग जोडी प्रविधिमैत्री पालिका बनाउन नेपाल टेलिकम तथा अन्य नीजि क्षेत्रका ISP कम्पनीहरु संग लागत साझेदारि गरि ईन्टरनेटको लाईन विस्तार गरिनेछ ।
- गाउँपालिका अन्तरगत रहेका फोन नलाग्ने स्थानको पहिचान गरी सञ्चार सुविधा नपुगेका स्थानहरुमा संचार सुविधा पुर्याउन नेपाल टेलिकम तथा सेवा प्रदायक कम्पनीहरुसंग समन्वय गरी चालु आ.ब.मै संञ्चार सुविधा प्राप्त गरेको प्रत्याभुति गराईनेछ ।

## ३.४. सिचाई

- ❖ भौगोलिक परिवेश अनुसार सिचाई हुने सम्भाब्य सवै जमिनमा वाहै महिना सिचाई हुने गरि कृषिमा विशेष कार्यक्रम संचालन गरिनेछ । पालिका भित्र संचालित लिफ्ट सिचाई योजनाहरुलाई प्राथमिकताका साथ निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- ❖ सौर्य प्रणाली, थोपा सिंचाई र आकाशेपानी संकलन जस्ता नविनतम प्रविधिको प्रयोग गरि सिंचाई योग्य जमीनमा सिंचाईको सुविधा प्रदान गर्न थप व्यवस्थापन गरिनेछ ।
- ❖ कृषि योग्य भुमिमा वर्षभरी सिचाई सुविधा उपलब्ध गराउन साना सिचाई निर्माण तथा मर्मत संभार, लिफ्ट सिचाई, थोपा सिचाई, सोइल सिमेन्ट पोखरी आदी कार्यक्रम संचालन गरिनेछ ।

## ३.५.उर्जा/वैकल्पिक उर्जा कार्यक्रम

- ❖ सौर्य उर्जा तथा विद्युतिय चुलो प्रयोगलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ । गोवर ग्यास र आधुनिक चुलो निर्माणको लागि अनुदानको व्यवस्था गरिनेछ ।

## ३.६. खानेपानी तथा सरसफाई

- ❖ एक घर एक धाराको अवधारणा अनुरुप प्रत्येक घरमा खानेपानीको ब्यवस्था गर्दै संचालनमा रहेका योजनाहरुलाई सुद्धृढिकरण गर्दै नयाँ खानेपानी योजना संचालन गरिने छ । साथै अनिवार्य रुपमा खानेपानीका मुहानमा बृक्षारोपण गरि मुल संरक्षण गरिनेछ ।
- ❖ खानेपानी गुरुयोजना निर्माण गर्ने र खानेपानीको समस्या रहेका स्थानहरुको पहिचान गरि सर्वसुलभ रुपमा खानेपानीको ब्यवस्थापन गर्न मिटर जडान, रिजरवायर टंकी निर्माण तथा खानेपानी संकलनको आधुनिक पद्धतिहरुको अवलम्वन गरिनेछ । खानेपानी मुल दर्ता तथा संचालन सम्वन्धमा आवश्यक पर्ने कानून निर्माण गरिनेछ ।खानेपानीको मुहानहरुमा अनिवार्य रुपमा वृक्षारोपण गर्नु पर्ने नीति अवलम्वन गरिनेछ ।

## ४. वन वातावरण तथा विपद् ब्यवस्थापन

### ४.१. वन, वातावरण, भू–संरक्षण तथा उद्योग

- ❖ महाभारत बनक्षेत्रलाई डडेल्धुराको मेरुदण्डको रुपमा लिई समग्र महाभारत वनक्षेत्रलाई संरिक्षत क्षेत्र र प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सबै पालिका र वन कार्यालयसंग समन्वय गरिनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।
- ❖ पालिकाभित्र रहेका सामुदायिक वनहरुको संरक्षण सम्वर्द्धन गर्दै बृक्षारोपणलाई प्राथमिकताका साथ अगाडी बढाउन र सामुदायिक वनबाट आयआर्जनका कार्यक्रम संचालन गरि सामुदायिक वनहरुसंगको सहकार्यमा काम गरिनेछ ।
- ❖ वन, वनस्पती, वनपैदावार, जलस्रोत, भूमि, जडिबुटि, बैकल्पिक उर्जा, स्थानीय ज्ञान, सीप, जैविक विविधता संरक्षण, बातावरणीय सेवा, उत्सर्जन र न्यूनीकरणका बारेमा स्थानीय तहमा प्राकृतिक श्रोत तथा वातावरण संरक्षण सम्वन्धि आवश्यक ऐन, कानून तथा कार्यविधिहरु निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- ❖ नदी तथा खानी जन्य स्रोतको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गर्दै व्यवस्थित गरिनेछ ।

- महाभारत जंगल संरक्षण र जडिबुटि संरक्षणमा जोड दिईनेछ ।
- साना तथा घरेलु उद्योगहरु स्थापना गर्दै अल्लो प्रशोधन गरि अल्लोको कपडा उत्पादन तथा पहाडी (नेपाली कागज) उत्पादनमा जोड दिईनेछ साथै साल लगायतका पातहरुबाट दुना टपरी उत्पादन एवं सिस्नो पाउडर उत्पादनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- डिभिजन वन कार्यालय र सामुदायीक वनहरुसँग समन्वय गरी नीजि वन र कवुलियति वन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

### ४.२. विपद् व्यवस्थापन

- विगतका घटनाबाट मानविय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक प्रकोपहरुमा भएका क्षति सम्वन्धी तथ्यांक र अन्य प्रभाव सम्वन्धि सूचनाको एकिकरण गरी जोखिम न्यूनिकरण गर्न भौतिक संरचना, मेसिन औजार, सिप तथा जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम संचालन गर्दै जोखिम हुन नदिन र क्षति कम भन्दा कम गर्न आय आर्जनको खोजी गर्दै बढी क्षति हुन सक्ने स्थानहरुको पहिचान गरि समयमै पूर्ण जानकारी हुन सक्ने गरि मोवाईल एप, विद्युतिय सूचना र अन्य माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।
- विपद् ब्यवस्थापन कार्ययोजनालाई प्रभावकारी रुपमा संचालन गर्न विवद् व्यवस्थापन समितिका पदाधिकारीहरु, पालिकाभित्र रहेका रेडक्रस अन्य संघसंस्था, समूह, क्लवहरुको क्षमता विकास गरि विपद् प्रतिकार्य सम्वन्धी कार्यलाई प्रथमिकताका साथ अगाडी बढाईनेछ ।
- जलवायु अनुकुलन कार्यक्रमलाई प्रोत्साहन गदै बातावरण तथा जैविक विविधताको संरक्षण, पहिरो नियन्त्रण भूक्षय नियन्त्रणका लागि आवश्यक अध्ययन गरी आईपर्ने जोखिम न्यूनिकरणका लागि कार्यक्रम लागु गरिनेछ। साथै निर्माण सम्पन्न भएका र निर्माणाधिन सडकको छेउछाउमा डिभिजन वन कार्यालय र सामुदायिक वनहरु संग समन्वय गरी वृक्षारोपणको कार्यक्रमलाई अगाडी बढाईनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### ५.१. सेवा प्रवाह र सुशासन

- पालिका, वडा र विषयगत कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी र प्रविधिमैत्री बनाउनका साथै कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिईनेछ ।
- कर्मचारीको आन्तरिक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिनुका साथै पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।
- सवै प्रकारका योजना र विकास निर्माणका काममा अनियमितता हुन नदिन कडाईका साथ गुणस्तरीय काम गर्न जोड दिईनेछ ।
- सेवा प्रवाहका लागि आवश्यक पर्ने प्रशासनिक खर्चका लागि बजेट विनियोजन गरि सवै क्षेत्रलाई मितव्ययी बनाउन आवश्यक खर्च कटौती गर्ने नीति लिईनेछ ।

- योजना संचालनको क्रममा प्राविधिक सेवा प्रदन गर्दा सेवाग्राहीबाट आउने गुनासोलाई न्यनूनिकरण गर्नको लागि आवश्यक तालिम तथा अनुभव आदान प्रदान गराई कर्मचारीलाई सक्रिय बनाईनेछ र कार्यसम्पादनको आधारमा फिल्ड भत्ता उपलब्ध गराईनेछ ।
- वडा नं. १ को वडा कार्यालय निर्माण नभएका कारण सेवा प्रवाहमा समस्या भैरहेकोले उक्त वडा कार्यालय भवन निर्माणको सम्पन्न गराउन आवश्यक ब्यवस्था मिलाईनेछ ।
- कार्यचाप र कार्यबोझको विच कार्यासम्पादन गर्ने कर्मचारीको मनोवल उच्च राख्न प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।
- वस्ती स्तरमा सामुदायिक उत्तरदायित्व सम्वन्धि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरुजु फर्स्योट कार्यविधि तयार गरि जारी गरिनेछ। आगामी आवलाई बेरुजु फछ्यौंट वर्षको रुपमा अगाडी बढाईनेछ। यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई थप कृयाशिल बनाइनेछ।
- कानुनहरुको निर्माण संसोधन, संस्थागत स्व-मुल्यांकन, घुम्ती सेवा, सदाचार प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र जवाफदेहिता अभिबृद्धि, संगठन तथा ब्यवस्थापन अध्ययन, सूचना संजालिकरण,क्षमता विकास संघिय तथा प्रदेश सरकार संगको सहकार्यमा सम्पादन हुने ऐन, नियम कार्यविधि र मापदण्डहरु निर्माण गरि कार्यान्वयनको लागि तालिम गोष्ठी सेमिनारका कार्यक्रम संचालन गरिनेछ ।

## ५.२. न्यायिक समितिः

- न्यायीक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन कार्यलाई विशेष जोड दिईनेछ ।
- गाउँपालिकामा समेत मेलमिलाप केन्द्र स्थापना गरी सवै वडाहरुमा गठन गरिएको मेलमिलाप केन्द्र र मेलमिलाप कर्तालाई प्रभावकारी बनाउन आवश्यक ब्यवस्था गरिने छ र ग्रामीण तहमा सचेतना कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक मेलमिलापकर्ताहरुलाई पुर्नःताजगी तालिम संचालन गरिनेछ र प्रत्येक वडाबाट स्नातक तह उत्तिर्ण गरेका ब्यक्तिहरु छनौट गरि चालु आ.ब.मा मेलमिलापकर्ताको ४८ घण्टे तालिम संचालन गरिनेछ।

## ५.३. विधायन समिति

- गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड निर्माण गरिने छ । निर्माण भएका ऐन कानूनहरु समय सापेक्ष संसोधनको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाबाट पारित भएका ऐन, नियम, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

## ५.४. स्थानीय अभिलेख व्यवस्थापन

- गाउँ पार्श्व चित्र तयार गरी स्थानीय अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको उपयोग गरिनेछ ।

- पालिका भित्र रहेका अपाङ्गता भएका बालश्रमिक सडक बालवालिका, एकल महिला, हिंसापिडित महिला, अल्पसंख्यक द्धन्दपिडितहरु समेतको अभिलेख तयार गरी लक्षित समूह सम्वन्धी योजना, कार्यक्रम र श्रोत पहिचान सहित व्यवस्थापनको कार्य संचालन गरिनेछ ।
- चालु योजनाको विवरण सहित यस्ता योजनाको सम्पत्ति अध्यावधिक गरी अभिलेख राखिनेछ ।
- पालिका स्तरमा श्रम बैंक स्थापना गरि रोजगारी सृजना गरिनेछ ।
- पालिकास्तरमा रहेको योजना बैङ्कलाई प्रभावकारी रुपमा परिचालन गर्न संघ, प्रदेश र स्थानीय तहबाट संचालन गरिने योजनाहरुको वर्गिकरण गर्दै प्रभावकारी रुपमा अगाडी बढाईने छ ।

## ५.५. सामाजिक न्याय र समावेशिता

- नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार महिला, दलित, बालवालिका, एकल महिला, अल्पसंख्यक, अपाङ्गता भएका जनजाती, जेष्ठ नागरिकहरुको हक अधिकारलाई सूनिश्चित गर्नका लागि भागेश्वर गाउँपालिका संकल्परत रहेकोछ ।

## ५.६. दलित समूदाय

- न्यून आय भएका दलित समुदायका विद्यार्थीहरुको लागि छात्रबृत्ति र उक्त समुदायका विपन्न ब्यक्तिहरुकालगि उपचारमा सहुलियतमा आवश्यक सहयोग गरिनेछ ।
- अति विपन्न दलित समूदायका ब्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य विमा गरिनेछ।
- रोजगारीमा प्राथमिकता दिदै, परम्परागत सिपको संरक्षण र प्रबर्द्धन गर्दै आवश्यकताको पहिचान गर्दै रोजगारी सृजना हुने गरि तालिम संचालन गरिनेछ ।

## ५.७. महिला तथा बालबालिका

- महिला हिंसामुक्त स्थानीय तह बनाउने गरि ठोस योजनाका साथ कार्यक्रम गरिनेछ ।
- “समान कामको समान ज्याला” सुनिश्चित गरि उत्पादनशील क्षेत्रमा महिला सहभागीता तथा उद्यमशिलता अभिबृद्धि गरि सवै तहमा महिलाको अर्थपूर्ण सहभागिता सूनिश्चित गरिनेछ ।
- महिलाहरुको आन्तरिक क्षमताको विकास गर्नका लागि ब्यवसाय तथा उद्यमशीलता सम्वन्धी सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिकाको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था गर्दै पालिका स्तरमा बालबालिका संरक्षण कोष स्थापना गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका नीतिहरु अवलम्वन गरी महिला सशक्तिकरणका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- बालबिवाह न्यूनिकरणको लागि अभिभावक सचेतना र परामर्श गर्ने,अभिभावक विहिन बालबालिकालाई सामाजिक सुरक्षा र सहायता सम्वन्धि नीति अवलम्वन गरिनेछ ।
- पालिका तहमा बाल प्रतिभा प्रोत्साहन पुरस्कार स्थापना गरिनेछ ।
- चालु आ.ब. मा बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने गरि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- छोरीलाई प्रोत्साहन गर्न छोरी बचाउ अभियान संचालन गरि छोरीको जन्म हुने वित्तिकै निशुल्क रुपमा बैङ्कमा खाता खोल्ने व्यवस्था मिलाईनेछ र संरक्षणको लागि सुविधा उपलब्ध गराउन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

## ५.८. अपाङ्गता भएका व्यक्ति

- अपाङ्गता भएका ब्यक्तिको स्वभाव र प्रकृति अनुसार उद्यमी बनाउन कम्प्युटर, उद्यमशिलता, वित्तिय साक्षरता लगायतका तालिम निशुल्क रुपमा प्रदान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्री तथा उपकरण स्थानीय तहमै निशुल्क रुपमा उपलब्ध गराई उनीहरुका छोराछोरीहरुलाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गर्दै सबै प्रकारको अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याई निशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

## ५.९.प्रधानमन्त्री रोजगार कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझै परिणाममुखि र पारदर्शी बनाईने छ ।गाउँपालिकाको लागत साझेदारीमा कार्यक्रम संचालन गरी आन्तरिक रोजगारी प्रबर्द्धनको लागि आवश्यक व्यवस्था मिलाईने छ।
- रोजगार सेवा केन्द्रलाई सहज रुपमा संचालन गर्न श्रमिक परिचयपत्र र प्रोफाईलिङ्ग प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाईनेछ ।

## ५.१०. अनुगमन तथा मुल्याङ्कन

- पालिका भित्र संचालित सम्पूर्ण योजनाहरुको अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गर्दै उपभोक्ता र सरोकारवालालाई जिम्मेवार बनाउन आवश्यक पहल गरिनेछ ।
- पालिका भित्रका योजना अनुगमनमा पत्रकारहरुको समेत सहभागीता गराईनेछ ।
- संघ र प्रदेशबाट संचालन भएको योजनाहरुको जिल्ला समन्वय समितिबाट अनुगमन प्रतिवेदन भई आएमा मात्र सम्पन्न सिफारिस दिईनेछ ।

## ५.११.बजेट तथा राजश्व परिचालन

- राजश्व संकलनका लागि राजश्व शाखा तथा वडा कार्यालयलाई प्रविधिमैत्री बनाई राजश्वको परिचालनलाई न्यायोचित तथा मितव्ययी बनाईनेछ र राजश्वको कार्ययोजना बनाई लागु गरिनेछ ।
- एकिकृत सम्पत्ति कर लागु गर्नकोलगि आवश्यक तथ्याङ्क संकलन गरि चालु आ.ब.मा सो को कम्प्युटरकृत अभिलेख तयार गरि कार्यान्वयनमा ल्याईनेछ।
- आन्तरिक आयको प्रक्षेपण गरी थप राजश्वका श्रोतहरुको पहिचान गर्दै आन्तरिक आयबृद्धिका लागि करका दायरा बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

## ५.१२ अन्य

- गाउँपालिकाको केन्द्रको भवन लगायतका संरचना निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गराई यथाशिघ्र काम अगाडी बढाईनेछ ।
- एन डि प्रकाश चटौत पत्रकारिता पुरस्कार वितरण गरिनेछ र पालिका स्तरीय पत्रकारिता पुरस्कार कोष स्थापना गरिनेछ ।

**सभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,**

अन्त्यमा, भागेश्वर गाउँपालिकाको उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि सीमित स्रोत र साधनका बावजुद अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस कार्यक्रममा जानकारी गराउँदछु ।

भागेश्वर गाउंपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुऱ्याउनुहुने उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, स्थानीय वृद्धिजीवि, विज्ञ समुदाय, सञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र भागेश्वर गा.पा.का आमनागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस भागेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्षवाट सकारात्मक सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !!

पुष्पा ठकुराठी
उपाध्यक्ष
भागेश्वर गाउँपालिका डडेल्धुरा ।

# आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक बजेट तथा कार्यक्रम

## भागेश्वर गाउँपालिका

## बगरकोट, डडेल्धुरा

## २०८२

www.bhageshwormun.gov.np

# भागेश्वर गाउँसभाको १७ औ अधिवेशन २०८२ साल असार १० गते सोमबारका दिन भागेश्वर गाउँपालिकाका उपाध्यक्ष श्री पुष्पा ठकुराठीले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२।०८३ को

# बजेट वक्तव्य

## भागेश्वर गाउँपालिका, बगरकोट, डडेल्धुरा

## २०८२

www.bhageshwormun.gov.np

भागेश्वर गाउँपालिकाको आ. व. २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम

**आदरणीय सभाध्यक्ष महोदय,**

१. भागेश्वर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा भागेश्वर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट प्रस्तुत गरिरहँदा मैले गौरवान्वित महशुस गरेकी छु । विभिन्नकाल खण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन् । यस गौरवपूर्ण अवसरमा अहिले सम्मका जन आन्दोलन लगायतका सबै संघर्षहरुमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाईते वेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु।

२. जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहने स्थानीय तहले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पुरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको महसुस गरेकी छु ।

३. राजनीतिक रुपमा नेपालले ऐतिहासिक फड्को मारेको अवस्थामा स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ । अब यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहाना अनुरुप अबको हाम्रो बाटो भनेको जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउनु हो।

४. भागेश्वर गाउँपालिकाको विकास सर्वाङ्गीण विकासको ढाँचामा अघि बढि रहेको छ । सबै गाउँपालिकावासी जनताको लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत र गुणस्तरिय शिक्षा, आधारभुत स्वास्थ्यको सुविधा, खानेपानीको आपूर्ति र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको उपलब्धता गराउनु गाउँपालिकाको प्रमुख ध्येय रहेको छ ।

५. चालु आर्थिक वर्षका लागि भागेश्वर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला निर्माण भई आर्थिक वृद्धि, गरिवी निवारण, रोजगारीका अवसर तथा नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको छ । सबै नागरिकका लागि रोजगार सेवा केन्द्र मार्फत काम र रोजगारीका अवसर सिर्जना, आधारभुत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित हुदै गएको छ ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ सरकार एवं प्रदेश सरकारबाट प्राप्त निर्देशन र मार्गदर्शन, गाउँसभा सदस्यज्यूहरुले दिनु भएका सुझावहरुलाई

मार्गदर्शनको रुपमा लिईएको छ । गाउँपालिकाका राजनीतिक दल, संघ संस्था, बुद्धिजीवि वर्ग, कर्मचारी, नागरिक समाज र आम गाउँपालिकावासी दाजुभाई दिदी बहिनीहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिईएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

६. यस गाउँपालिकाले चालु आर्थिक वर्षमा कुल बजेट सीमा संशोधन सहित **रु. ४६८५९५०००।- (अक्षेरेपी रु. छयालिस करोड पन्चासि लाख पन्चानब्ये हजार मात्र)** रहेको थियो । गाउँपालिकाको कुल बजेट मध्ये चालुतर्फ रु. ३१८४५००००।००(**अक्षेरेपी रु. एकतिस करोड चौरासी लाख पचास हजार मात्र**) र पूँजीगत तर्फ रु. **१५०१४५०००।००** (**अक्षेरेपी रु. पन्ध्र करोड एक लाख पैचालिस हजार एक सय मात्र**) विनियोजन गरिएको थियो । यस गाउँपालिकाले आन्तरिक राजश्वको लक्ष्य ३८,६०,०००।०० लिएकोमा चालु आ.ब. को आषाढ १० गते सम्म रु.४२,०५,४७४।१८ राजश्व संकलन भएको छ ।

७.यस पूर्व गरेका विकासका कार्यहरुलाई आधारको रुपमा लिदै नयाँ उत्साह, जोस, सोच र जागर सहित थप केही गर्ने आशा जगाएको छ । गाउँसभा र गाउँ कार्यपालिकाबाट ऐन, कानून कार्यविधि र निर्देशिका गरि ४२ वटा कानुन निर्माण भई कार्यान्वयनमा आउँदा सहज र सुलभ तरिकाले योजना तथा कार्यक्रम संचालन गर्न सहजता प्रदान भएको छ भने संविधानको मर्म अनुरुप विधिवत कानुनको शासन स्थापनाको मार्गमा गाउँपालिका अग्रसर रहेकोछ ।

८. यस गाउँपालिकामा हालसम्म आइपुग्दा भौतिक तथा पूर्वाधार विकासमा उल्लेख्य प्रगति गरेको छ, जसअनुरुप अधिकांश गाउँ बस्तीमा सडक, विद्युत तथा खानेपानी पुगेको अवस्था छ । वडा कार्यालय तथा विभिन्न विद्यालयका भवन निर्माण भई नियमित सेवा प्रवाह तथा शिक्षक विद्यार्थीहरुलाई शिक्षण सिकाई क्रियाकलापमा सहजता प्रदान भएको छ ।

९. गाउँपालिकाद्वारा कृषि विकासको क्षेत्रमा गरेको प्रयासलाई सराहनीय मान्न सकिन्छ, कृषि क्षेत्रमा आवद्ध कृषकहरुका लागि विभिन्न किसिमका तालिम तथा सचेतना र अन्तरक्रिया कार्यक्रम, निःशुल्क एवम् अनुदानमा उन्नत जातको आलुको बिउ, वितरण, साना सिंचाई योजना, स्वाईल सिमेन्ट पोखरी निर्माण, उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण, आधुनिक कृषि औजारको वितरण, पशु नश्ल सुधार आदि जस्ता कार्यक्रम संचालन भएकाले कृषि क्षेत्र आधुनिकीकरण र व्यवसायीकरणतर्फ अगाडि बढेको महशुस गरिएको छ ।

१०. यस गाउँपालिकाद्वारा जनताको स्वास्थ्यसँग सम्बन्धित कुरालाई उच्च प्राथमिकताका साथ राखिएको छ । यस कार्यका लागि भएका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार मार्फत सुविधा सम्पन्न बनाउने तर्फ गाउँपालिका अग्रसर रहेकोछ भने ती स्थानहरुमा स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ । हरेक गाउँ-गाउँमा स्वास्थ्य सुविधा पुर्‍याउनका लागि सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ साथै **No More Home Delivery** को लागी बर्थिङ्ग सेन्टरहरुको स्थापना गरिएको छ र सबै स्वास्थ्य संस्थाहरु मार्फत पर्याप्त मात्रामा औषधीको व्यवस्था गरिएको छ ।

११. गाउँपालिकामा सुशासन तथा सदाचारिता अभिवृद्धि गर्नका लागि गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता निर्माण गरि जारी गरिएको, गाउँपालिकाको कार्यालय र वडातहका प्रत्येक कर्मचारीसँग कानूनतहः कार्य सम्पादन करार सम्झौता गरिएको छ । त्यस्तै कार्यालयका कामकारवाहीलाई पारदर्शी, जनमैत्रि र सुशासनयुक्त बनाउन एवं सुचनाको हकको प्रत्याभूतिका लागि सुचना अधिकारीको व्यवस्था, गुनासो सुनुवाई पेटीको व्यवस्था, सुझाव पेटिकाको व्यवस्था, नागरिक वडापत्रको व्यवस्था, गाउँपालिकाको आफ्नै वेभसाइट, मोबाइल एप र फेसबुक मार्फत कामकारवाही सार्वजनिक गर्ने प्रणालीको विकास भएको छ ।

१५. गाउँपालिकाले आन्तरिक आय एवं राजस्व वृद्धिका निम्ती करको दायरा विस्तार गर्दै आन्तरिक आय बृद्धि गर्दै लगेको छ । गाउँपालिकाको अधिकारक्षेत्र रहेका सामुदायिक बनसँग आवश्यक समन्वय र सहकार्य गरि कानून बमोजिम गाउँपालिकाले प्राप्त गर्ने रोयल्टी वापतको राजश्व उठाउने र सामुदायिक बनसंगको सहकार्यमा कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अव म अगामी आर्थिक वर्ष २०८२।०८३ को भागेश्वर गाउँपालिकाको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटका मूलभुत उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :-

क) नियमित अनुगमन तथा पेशागत विकासका माध्यमबाट शिक्षण सिकाईमा सुधार ल्याई शैक्षिक गुणस्तर सुधार अभियान कार्यक्रमलाई निरन्तरता दिने र शिक्षामा लगानी वृद्धिका साथै शैक्षिक गुणस्तरलाई पहिलो प्राथमिकतामा राखि शिक्षामा सवै बालवालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

ख) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याई कृषकहरुलाई कृषि यान्त्रिकरणको माध्यमबाट आय आर्जन बृद्धि गर्ने।

ग) भागेश्वर गाउँपालिकाको स्थायी केन्द्र टप्वामा प्रशासकीय भवन लगायतका संरचना निर्माण गर्न आधार तय गर्ने ।

घ) लघु उद्यम सम्वन्धी कार्यक्रम मार्फत सीपमूलक क्षमता विकास गरी आय आर्जनका साथै रोजगारी र स्वरोजगारी सृजना गरी आत्मनिर्भर बनाउने ।

ङ) गाउँपालिकामा आर्थिक,भौतिक तथा सामाजिक पुर्वाधारहरुको निर्माण गरी नागरिकलाई विकासको अनुभुती गराउदै सुखी,खुशी,समृद्ध र समुन्नत गाउँपालिका बनाउने ।

च) जनतालाई केन्द्रमा राखी चुस्त, दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गरी सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने ।

छ) राजस्व संकलनमा पारदर्शिता कायम गर्दै राजस्व चुहावटलाई निर्मुल गर्ने र राजश्वको दायरा बढाई सो को प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ज) यस क्षेत्रमा भएका परापूर्वकालदेखिका विशिष्ट पहिचान बोकेका सास्कृतिक तथा पुरातात्वीक सम्पदाहरु, धार्मिक र पर्यटकीय स्थलहरुको डकुमेन्ट्रि निर्माण गरि देश विदेशमा समेत प्रचार प्रसार गर्ने ।

**आगामी आर्थिक वर्षको बजेटको उद्देश्य परिपूर्तिको लागि देहायअनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु** :

क) स्वदेशमा र विदेशमा रोजगारी गुमाएका व्यक्तिको आयआर्जन बढाई आत्मनिर्भर बनाउन उनीहरुमा रहेको ज्ञान सीप र क्षमताको प्रयोग गरी कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा गाउँपालिका स्तरमा विकासका कार्यक्रमहरु लक्षित गरि कृषि तथा पशु विकासलाई प्राथिमकतामा राखिएको छ।

ख) भागेश्वर गाउँपालिकाको स्थायी केन्द्र टप्वामा प्रशासकीय भवन लगायतका संरचना निर्माण गर्न प्रारम्भिक बातावरणीय परीक्षण (IEE) तथा बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

ग) स्थानीय सीप स्रोत र साधनमा आधारित लघु तथा साना उद्योग तथा व्यवसाय प्रवर्धन गरी रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न सबै क्षेत्रको सहभागितामा विभिन्न किसिमका तालिम तथा सीपमूलक तालिम सञ्चालन गरिनेछन् ।

घ) कानूनको शासन, सेवाको प्रभावकारिता, उत्तरदायित्व र विकासमा नागरिक संलग्नता मार्फत नागरिकलाई अनुभूति गरी आफ्नै माटोमा केही गरौं भन्ने सोच भएका नागरिकहरुलाई कृषि क्षेत्रमा अग्रसर गराई कृषिका लागि अनुदान सहायता उपलब्ध गराइने छ ।

ङ) गरिबी र महामारीबाट आक्रान्त पिछडिएका वर्ग र समुदायका नागरिकलाई तत्काल राहत पुग्ने कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

ङ) आगामी आ ब २०८२।०८३ बाट लागु हुने गरि गाउँपालिकाबाट नियुक्त करारका कर्मचारीहरु तथा स्वायंसेवक शिक्षकको तलवमा मासिक रु २०००।०० का दरले बृद्धि गरेको छ । फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता उपलब्ध गराउने गरि बजेटको व्यवस्था गरेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म यिनै उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

भागेश्वर गाउँपालिका पहाडी क्षेत्रको गाउँपालिका भएको र यस गाउँपालिकामा ठुला कलकारखाना एवम् व्यापार व्यवसाय नभएका कारण तत्काल ठुलो मात्रामा आन्तरिक राजश्व जुटाउने सम्भावना कम रहेकोले नेपाल सरकार एवम् प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय सामानीकरण अनुदान, राजश्व बाडफाँडबाट प्राप्त हुने रकम र सर्शत अनुदान रकमलाई आधार मानी प्रस्तुत बजेट तयार गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।०८३ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्वन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०८२।०८३ मा यस गाउँपालिकालाई तपसिल बमोजिमको शिर्षकमा आय र ब्यय रकम अनुमान गरिएको छ ।

तपसिल :

**आयतर्फ :**

| क्र सं | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार सशर्त अनुदान चालु | १८२८००००० | १८ करोड २८ लाख |
| २ | संघीय सरकार सशर्त अनुदान पुँजिगत | ३३२०००००० | ३ करोड ३२ लाख |
| ३ | संघीय सरकार वित्तीय समानिकरण अनुदान | ८३२०००००० | ८ करोड ३२ लाख |
| ४ | संघीय सरकार राजस्व बाँडफाँट | ९०९६९०२५ | ९ करोड ९६ लाख नौ हजार २५ |

| | | | रुपैया |
|---|---|---|---|
| ५ | संघीय सरकार समपूरक अनुदान | ८४००००० | ८४ लाख |
| ६ | संघीय सरकार विशेष अनुदान | १६५००००० | १ करोड ६५ लाख |
| ७ | प्रदेश सरकार सशर्त अनुदान पुँजिगत | २१०००००० | २ करोड १० लाख |
| ८ | प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | ६८८९००० | ६८ लाख ८९ हजार |
| ९ | सवारी साधन बाँडफाँट (प्रदेश) | २६३२००० | २६ लाख ३२ हजार |
| १० | प्रदेश सरकार समपूरक अनुदान | १८४००००० | १ करोड ८४ लाख |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ७५००००० | ७५ लाख |
| १२ | स्थानीय राजस्व बाँडफाँट | ३००००० | ३ लाख |
| १३ | गत बर्षको बैंक मौज्दात | ५००००००० | ५ करोड |
| १४ | आन्तरिक श्रोत | ३९५९९७५ | ३९ लाख ५९ हजार ९ सय ७५ |
| **जम्मा रु** | | **५२,५७,५०,०००** | **५२ करोड ५७ लाख ५० हजार** |

ब्ययतर्फ :

| **क्र. सं.** | **कार्यक्रम** | **रकम रु.** | **रकम रु अक्षरमा** |
|---|---|---|---|
| १ | समपुरक कोष | २०००००००० | २ करोड |
| २ | गाउँपालिकास्तरीय योजना | ४८६३९००० | ४ करोड ८६ लाख ३९ हजार |
| ३ | क्रमिक रुपमा रहेका योजना | १६०००००० | १ करोड ६० लाख |
| ४ | **विषयगत शाखा तथा क्षेत्रगत सिलिङ्ग** | | |
| | कृषि विकास इकाई | ३६००००० | ३६ लाख |
| | पशु विकास इकाई | १८००००० | १८ लाख |
| | शिक्षा | ३७००००० | ३७ लाख |
| | स्वास्थ्य | ३९००००० | ३९ लाख |
| | **महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा** | | |

| | | | |
|---|---|---|---|
| | महिला बालबालिका | १३००००० | १३ लाख |
| | ज्येष्ठ नागरिक | ३००००० | ३ लाख |
| | अपाङ्ग | ५००००० | ५ लाख |
| | दलित | १०००००० | १० लाख |
| | आदिबासी जनजाती | ७००००० | ७ लाख |
| | उद्यम विकास शाखा | १०००००० | १० लाख |
| | **वन वातावरण तथा विपद व्यवस्थापन शाखा** | ८००००० | ८ लाख |
| | सहकारी | ५००००० | ५ लाख |
| | युवा तथा खेलकुद | २०००००० | २० लाख |
| | न्यायिक समिति | ६००००० | ६ लाख |
| | संस्थागत सुशासन | १०००००० | १० लाख |
| | खानेपानी सरसफाई वास | १२००००० | १२ लाख |
| | प्रधानमन्त्री रोजगार साझेदारी | ३५५०००० | ३५ लाख ५० हजार |
| | भूमि आयोगसँग सम्बन्धित | १५००००० | १५ लाख |
| | कला धर्म संस्कृति तथा पर्यटन प्रवर्द्धन | १०००००० | १० लाख |
| | विभिन्न संघ संस्थासँगको साझेदारी | ५००००० | ५ लाख |
| | विपद व्यवस्थापन कोष | २५००००० | २५ लाख |
| | सडक सरसफाई | ६०००००० | ६० लाख |
| | सार्वजनिक संरचना निर्माण तथा मर्मत सम्भार | ३०००००० | ३० लाख |
| ५ | वडागत सिलिङ्ग | १३५००००० | १ करोड ३५ लाख |
| ६ | गाउँपालिकास्तरीय चालु खर्च | ९७८६१००० | ९ करोड ७८ लाख ६१ हजार |
| ७ | संघीय सरकार सशर्त अनुदान चालु | १८२८००००० | १८ करोड २८ लाख |
| ८ | संघीय सरकार सशर्त अनुदान पूजिगत | ३३२००००० | ३ करोड ३२ लाख |
| ९ | संघीय सरकार समपुरक अनुदान | ८४००००० | ८४ लाख |

| | | | |
|---|---|---|---|
| १० | संघीय सरकार विशेष अनुदान | १६५००००० | १ करोड ६५ लाख |
| ११ | प्रदेश सरकार सशर्त अनुदान पुजिगत | २१०००००० | २ करोड १० लाख |
| १२ | प्रदेस सरकार समपुरक अनुदान | १८४००००० | १ करोड ८४ लाख |
| १३ | प्रदेश सरकार विशेष अनुदान | ७५००००० | ७५ लाख |
| जम्मा | | **५२,५७,५०,०००** | ५२ करोड ५७ लाख ५० हजार |

यसरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को कुल बजेट **रु. ५२,५७,५०,०००। (अक्षेरेपी बाउन्न करोड सन्ताउन लाख पचास हजार मात्र)** विनियोजन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलव्ध श्रोत र साधनको उच्चतम उपयोगबाट नागरिकको जिवनस्तरमा सुधार भई सुखी र समृद्ध गाउँपालिका निर्माणको अभियानमा सहयोग पुग्नुको साथै सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता एवं गुणस्तरमा अभिबृद्धि भई सुशासनको प्रत्याभुति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट निर्माणका लागि सहयोग गर्ने बजेट तथा योजना तर्जुमा समिति तथा बजेट निर्माणमा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका तथा गाउँसभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, पत्रकार, गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सुखी, समृद्ध र समुन्नत गाउँपालिका निर्माणको महान यात्रामा हातेमालो गर्दै सहभागी हुन आव्हान गर्दछु ।

**धन्यवाद** !!!

**पुष्पा ठकुराठी**
**उपाध्यक्ष**
**भागेश्वर गाउँपालिका डडेल्धुरा**

# भागेश्वर गाउँपालिकाको
# आर्थिक ऐन, २०८२

**<u>प्रस्तावना</u>** : भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, भागेश्वर गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिबाट मस्यौदा तयार भई नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम भागेश्वर गाउँसभाको १७ औं अधिवेशनले प्रस्तुत ऐन स्वीकृत गरेको छ ।

**<u>१ संक्षिप्त नाम र प्रारम्भः</u>**

१) यस ऐनको नाम "भागेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८२ " रहेको छ।

२) यो ऐन २०८२ साल श्रावण १ गते देखि भागेश्वर गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

**<u>२ सम्पत्ति करः</u>**

गाउँपालिका क्षेत्र भित्र गाउँकार्यपालिकाबाट कार्यविधि स्वीकृत गरि अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने छ ।

**<u>३ भूमिकर (मालपोत)</u>**: दफा २ बमोजिम सम्पत्ति कर लागु नहुञ्जेलसम्म गाउँपालिका क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइनेछ ।

**<u>४ घर वहाल कर</u>** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने रअसूल गरिनेछ।

**<u>५ व्यवसाय कर</u>**: गाउँपालिका क्षेत्र भित्र इजाजत लिइ संचालन भएका व्यापार व्यवसायी उद्योगबाट वार्षिक रुपमा व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी रआर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ।

**<u>६ पटके सवारी कर तथा पार्किङ शुल्कः</u>** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ।

**<u>७ जडिबुटी, कवाडी कर र जीवजन्तु कर</u>** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल, र प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृतक वा मारिएका जीवजन्तुको हाड सिङ प्वाख छाला जस्ता वस्तुको व्यवसायिक कारोवार तथा व्यवसायीक प्रयोजनका लागि चौपाया निकासीको कारोबार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**<u>८ विज्ञापन कर</u>** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिने छ

**<u>९ सेवा शुल्क, सिफारिस दस्तुरः</u>** गाउँपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका अनुसुचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१० पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुचि (८) मा उल्लेखित पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

**११ प्राकृतिक स्रोत कर**ः

(१) गाउँपालिका क्षेत्र भित्रको माटो, गिट्टी, बालुवा र दहत्तरबहत्तर को संकलनमा अनुसूची (९) बमोजिम कर लगाई असूल गरिने छ।

(२) उपदफा (१) बमोजिम उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम भागेश्वर गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सो को विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने छ।

**१२ कर छुट** :

(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए ता पनि गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र करको दर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्ने छ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए ता पनि यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु लाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

(३) उपदफा (१) बमोजिमको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क र करआंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण गाउँ सभा मा पेश गर्नु पर्ने छ।

**१३ कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१४ प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने**ः

१ यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सेवा सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार अवधी थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ र यो ऐन कार्यान्वयनको चरणमा सघीय कानुन र प्रदेश कानुन संग बाझिएको हकमा बाझिए जति स्वत निश्कृय हुने छ ।

२ यो ऐनको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा गाउँसभाको तत्काल कायम रहेको सदस्य सख्याको दुइ तिहाइ बहुमतले गर्न सक्ने छ ।

**१५ निर्देशिका बनाउन सक्ने**ः यो ऐनको अधिनमा रहि गाउँकार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

**अनुसूचि–१**
**सम्पती कर**

| क्र.सं. | करको विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ती कर | विस्तृत अध्ययन तथा कार्यविधि तयार भए पश्चात लागु हुने | |

| | |
|---|---|
| घर कर बार्षिक | |
| भुई तले कच्ची फुसको घरको | नलाग्ने |
| भुईतले बाहेकको पक्की घरको | |
| RCC छाना भएको | ७० |
| स्लेट तथा जस्तापाताले छाएको | ५० |
| खरले छाएको | २५ |

**अनुसूचि–२**
**मालपोत तथा भूमी कर**

मालपोत तथा भूमिकर अन्तर्गत सम्पत्तिकर लागेको जग्गामा बाहेक अन्य जग्गामा तपशिल अनुसार मालपोत कर लाग्ने छ ।

| क्र.सं. | जग्गाको प्रकार | जग्गाको किसिम | प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खेत | अब्बल प्रति रोपनी | १५ | |
| | | दोयम प्रति रोपनी | १३ | |
| | | सीम प्रति रोपनी | ११ | |
| | | चाहार प्रति रोपनी | ९ | |
| २ | पाखो | अब्बल प्रति रोपनी | ११ | |
| | | दोयम प्रति रोपनी | ९ | |
| | | सीम प्रति रोपनी | ७ | |
| | | चाहार प्रति रोपनी | ६ | |
| | | पाँचौ प्रति रोपनी | ५ | |
| मालपोत तथा भूमिकर असुल उपर गर्दा देहाय बमोजिमको छुट तथा जरिवाना लिई असुल उपर गरिने छ। | | | | |
| १ चालु आवको माघ मसान्तसम्म मालपोत तथा भूमिकर तिरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा ५ प्रतिशत छुट दिईने छ।<br>२ चालु आव को जेष्ठ मसान्तसम्म मालपोत तथा भूमिकर तिरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा कुनै किसिमको छुट नहुने ।<br>३ चालुआवकोअषाढ मसान्तसम्म मालपोत तथा भूमिकर तिरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा ५ प्रतिशत थप जरिवाना लिई मालपोत असुल उपर गर्ने।<br>४ हरेक आ ब को मालपोत सालवलासी रुपमा आ व नसकिदै बुझाउनु पर्ने छ । आ व भित्र नवुझाएमा निम्न बमोजिम जरिवाना लाग्ने छ । | | | | |
| क | पहिलो बर्ष | १५ प्रतिशत रकम जोडिने छ | | |
| ख | दोस्रो बर्ष | ३० प्रतिशत रकम जोडिने छ | | |
| ग | तेस्रो बर्ष र सो भन्दामाथी | प्रत्येक बर्ष १५ प्रतिशतका दरले हुन आउने रकम जोडिने छ। | | |

**अनुसूची - ३**
**वहाल कर**

| क्र.सं. | विवरण | दस्तुरदर | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर | घर भाडामा दिदाको सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |
| २ | जग्गा वहाल कर | जग्गा सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |

## अनुसूची - ४

### व्यवसाय करको दर

| क्रसं | व्यावसायको किसिम | नयाँ दर्ता | वार्षिक कर |
|---|---|---|---|
| १ | किराना पसल | १०००।०० | ५००।०० |
| २ | सुन चाँदी पसल | २०००।०० | १०००।०० |
| ३ | औषधी पसल | १०००।०० | ५००।०० |
| ४ | माछा मासु विक्री पसल | ५००।०० | २५०।०० |
| ५ | आयुर्वेदिक औषधी पसल | १०००।०० | ५००।०० |
| ६ | एग्रो भेट पसल | १०००।०० | ५००।०० |
| ७ | स्टेशनरी तथा खेलकुद सामग्री एवं पुस्तक पसल | १०००।०० | ५००।०० |
| ८ | मोटरसाईकल मर्मत | २०००।०० | १०००।०० |
| ९ | प्लाई पसल | १०००।०० | ५००।०० |
| १० | कपडा ।फैन्सी। व्याग पसल | १०००।०० | ३५०।०० |
| ११ | धागो टाँक पसल | ५००।०० | ३५०।०० |
| १२ | इलेक्ट्रोनिक,मोबाईल,घडी क्यालकुलेटर अडियो भिडियो पसल | १०००।०० | ५००।०० |
| १३ | हार्डवेयर,मेसिनरी स्यानिटरी मार्बल पसल | १०००।०० | ५००।०० |
| १४ | ग्यास सिलिन्डर पेट्रोलियम पदार्थ बिक्री गर्ने | १०००।०० | ५००।०० |
| १५ | फर्निचर व्यवसाय | २०००।०० | १०००।०० |
| १६ | कपडा सिलाई कटाई पसल टेलरिङ | ५००।०० | २००।०० |
| १७ | पशु आहार विक्री केन्द्र | १०००।०० | ५००।०० |
| १८ | किराना पसल | १०००।०० | ५००।०० |
| १९ | फलफुल तथा तरकारी पसल | १०००।०० | ५००।०० |
| २० | उपहार, गिफ्ट तथा खेलौना पसल | १०००।०० | ५००।०० |
| २१ | भाडापसन (स्टिल, प्लाष्टिक,आल्मुनीयम सबै थरी) | १०००।०० | ५००।०० |
| २२ | माटाकोभाँडा पसल | | निःशुल्क |
| २३ | मसला उद्योग | ५००।०० | २५०।०० |
| २४ | होटल ब्यवासाय | १०००।०० | ५००।०० |
| २५ | चुरोट विडी,सुर्तिजन्य | १००० | ५००।०० |
| २६ | विशेषज्ञ,परामर्श तथा अन्य व्यवसायी सेवा | | |
| क | चिकित्सक | २०००।०० | १०००।०० |
| ख | कन्सल्टेन्टसेवा (इन्जिनियरिङ्ग) | २०००।०० | १०००।०० |
| ग | कानून व्यवसायी ल फर्म | १०००।०० | ५००।०० |
| घ | लेखापरीक्षण व्यवसायी | १०००।०० | १०००।०० |
| ङ | अनुसन्धान कर्ता परामर्शदाता | १०००।०० | १०००।०० |
| च | पशु चिकित्सक डाक्टर | १०००।०० | १०००।०० |
| छ | बैदेशिक रोजगार सेवा | १०००।०० | ५००।०० |
| ज | पेन्टर साइन बोर्ड लेख्ने | १०००।०० | ५००।०० |
| झ | गैर काष्ठ व्यवसाय | १०००।०० | ५००।०० |
| ञ | जग्गा व्यवसायी | ३०००।०० | २०००।०० |
| २७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | १०००।०० | ५००।०० |
| २८ | पोल्ट्रीफार्म | १०००।०० | ५००।०० |
| २९ | अगरबत्ती उद्योग | ५००।०० | ३००।०० |
| ३० | कपडा काटी सिरक डसना बनाउने पसल | ४००।०० | २००।०० |
| ३१ | खानेपानी उपभोक्ता समिति | १०००।०० | ५००।०० |
| ३२ | निजी विद्यालयको अनुमती | ५०००।०० | |

| | | | |
|---|---|---|---|
| ३३ | फोटो स्टुडियो | ५००।०० | २००।०० |
| ३४ | खसी, बोका, कुखुरा, बुंगुर, माछा, मासुबिक्रीपसल | ५००।०० | ३००।०० |
| ३५ | कृषि तथा अन्य बनवीउ नर्सरी उत्पादन व्यवसाय | १०००।०० | ५००।०० |
| ३६ | माछा व्यवसाय | १०००।०० | ५००।०० |
| ३७ | पशुपालन व्यवसाय (गाई, भैसी, बाख्राआदि) | १०००।०० | ५००।०० |
| ३८ | ग्रिल, रेलिङ्ग तथा वेल्डिङ्ग व्यवसाय | २०००।०० | १५००।०० |
| ३९ | सटरिङ्ग व्यवसाय | २०००।०० | १०००।०० |
| ४० | फर्निचर पसल | २०००।०० | १५००।०० |
| ४१ | फलफुल तथा तरकारी पसल | ५००।०० | ३००।०० |
| ४२ | हार्डवेयर पसल | २०००।०० | १५००।०० |
| ४३ | यसमा नखुलेको अन्य व्यवसाय नविकरण मात्र | १०००।०० | ५००।०० |
| ४४ | मेलाकर | पसलको अवस्था हेरी रु १०० देखि ५०० सम्म प्रति दिन प्रति मेला | |
| ४५ | बहुउद्देशीय ब्यबसाय तथा फर्म दर्ता | फर्म दर्ता गर्दा लागेको दर्ता शुल्कको ५० प्रतिशत थप दस्तुर लाग्नेछ। | |
| सम्पुर्ण कर तथा सेवा शुल्कमा जरिवाना गर्दा देहाय बमोजिम असुल उपर गरिनेछ। | | | |
| | पहिलो बर्ष | ५ प्रतिशत रकम जोडिनेछ | |
| | दोस्रो बर्ष | १० प्रतिशत रकम जोडिनेछ | |
| | तेस्रो बर्ष देखी माथी | प्रत्येकबर्ष १० प्रतिशतले हुन आउने रकम जोडने | |

१. घरेलु तथा साना उद्योग कार्यालय आन्तरिक राजश्व कार्यालय कम्पनी रजिष्ट्रारको कार्यालय लगायत दर्ताका लागि तोकिएका अन्य सस्था वा कार्यालयमा दर्ता भएका ब्यवसायीहरुले गाउँपालिकामा अनिवार्य रुपमा ब्यवसाय दर्ता गरि ब्यवसाय दर्ता प्रमाणपत्र लिएर मात्र भागेश्वर गाउँपालिका भित्र ब्यवयाय गर्न पाउनेछन ।

२. अन्यत्र दर्ता नभएका साना ब्यवसायीहरुले गाउँपालिकामा ब्यवसाय दर्ता गरि ब्यवसाय सचालन गर्न पाउने छन ।

३. ब्यवसाय कर आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना सम्म बुझाइ सक्नु पर्ने छ र सो अविधमा नबुझाएमा १० प्रतिशत जरिवाना लिइ अषाढ १५ गते भित्र बुझाउनु पर्ने छ ।

## अनुसूची — ५
## जडीवुटी कवाडी जिवजन्तु निकासी कर

| क्रसं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | तेजपात दालचिनी प्रति केजी | २ | |
| २ | रिठा प्रति केजी | २ | |
| ३ | काउलो प्रति केजी | ३ | |
| ४ | खोटो प्रति केजी | ३ | |
| ५ | झ्याउ,च्याउ प्रति केजी | ४ | |
| ६ | अमला हर्रो प्रति केजी | २ | |
| ७ | सल्लाको आँखला प्रति केजी | १ | |
| ८ | अन्य जडीवुटी र बनस्पती केजी | ३ | |
| ९ | कवाड प्रति केजी | १ | |

## अनुसूची — ६
## विज्ञापन कर

| क्र स | होडिङ बोर्ड | बाल पेन्टिङ | फ्लेक्स | डिजिटल बोर्ड वा ग्लोसाइन वोर्ड | अन्य | |
|---|---|---|---|---|---|---|
| प्रति बर्ग फिट प्रति वर्ष | १२ | ८ | १० | २० | ५ | |

## अनुसूची — ७
## सेवा शुल्क र सिफारिस दस्तुर

| क्रसं | विवरण | शुल्क तथा दस्तुर रु | कैफियत |
|---|---|---|---|
| १ | **नागरिकता सम्वन्धि सिफारिस** | | |
| क | नयाँ नागरिकता सिफारिस | १०० | |
| ख | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| ग | अंगिकृत नागरिकता सिफारिश | ५०० | |
| घ | बैवाहिक अंगिकृत नागिरकता सिफारिश | ५००० | |
| २ | **जग्गा सम्विन्धि सिफारिस** | | |
| क | जग्गामा घर बाटो प्रमाणित | ५०० | |
| ख | चार किल्ला प्रमाणित १० रोपनी सम्म न्युनतम | ५०० | १० रोपनी भन्दा माथि प्रति रोपनी रु १००।०० |
| ग | जग्गाधनी प्रमाण पत्र हराएको सिफारिस | २०० | |
| घ | पुर्जामा घर कायम गर्ने सिफारिस | ३०० | |
| ङ | हकदार प्रमाणित सिफारिस | २५० | |
| च | जग्गाधनी पूर्जामा विवरण संसोधन सिफारिस | २०० | |
| छ | जग्गामा घर तथा बाटो कायम सिफारिस | ४०० | |
| ज | घरायसी राजिनामा लिखित प्रमाणित | ५०० | |
| झ | जग्गा लेनदेनको कागज प्रमाणित | ५०० | लेनदेनको १ प्रतिशत |
| ञ | घर जग्गा नामसारी सिफारिस | ६५० | |
| ट | दान बकस पत्र सिफारिस | ५०० | |
| ठ | अंशबण्डा सिफारिस | १००० | |
| ड | जग्गामा मोही नामसारी।जग्गादर्ता।गुठी।रैकरआदि | ५०० | |
| ढ | कालोपत्रे मोटरबाटो भएको जग्गाको सिफारिस | १००० | |
| ण | अन्य मोटरबाटो प्रमाणित | ५०० | |
| त | ऐलानी जग्गा दर्ता सिफारिस प्रति रोपनी | ५०० | |
| थ | भोगचलन प्रमाणित | ५०० | |
| ३ | **नाता प्रमाणित दस्तुर** | | |
| क | नाता प्रमाणित सार्वजिनक मुचुल्का सहित | ५०० | |
| ख | मृतक तथा जीवित व्यक्तिसंग नाता प्रमाणित (नेपाली) मुचुल्का नभएको | ३०० | |
| ग | मृतक तथा जीवित व्यक्ति संग नाता प्रमाणित (अङ्ग्रेजी) | ५०० | |
| घ | सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि बैकलाइ गरिने नाता कायम सिफारिस | २०० | |
| ङ | पेन्सन सम्वन्धि कागजात प्रमाणित तथा सिफारिस | २५० | |
| ४ | **शिक्षा सम्वन्धित सिफारिस** | | |
| क | पुर्व प्रा वि खोल्ने अनुमति | १००० | |
| ख | कक्षा थप गर्ने सिफारिस | ५०० | |
| ग | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| घ | आधारभूत तहको ग्रेडसिट र प्रमाण पत्रको प्रतिलिपी | २०० | |
| ङ | आधारभूत तहको ग्रेड बृद्धि परिक्षा दस्तुर प्रति विषय | २०० | |
| च | शैक्षिक प्रमाणपत्रमा नाम जन्म मिति सच्याउने सिफारिस | २०० | |
| छ | छात्रवृति सिफारिस | १०० | |
| ज | शिक्षक सरुवा सहमती सिफारिस शुल्क मावि तह | ३००० | |
| झ | शिक्षक सरुवा सहमती सिफारिस शुल्क आवि तह | २००० | |
| ५ | **न्यायीक दस्तुर** | | |
| क | मिलापत्र कागज गराउने (मुद्दाको प्रकृति हेरी) | ५०० देखि १०००सम्म | |
| ख | कोर्ट फी मिनाहा सिफारिस | निःशुल्क | |
| ग | मञ्जुरिनामा कागज प्रमाणित | ३०० | |
| ६ | **स्वास्थ्य उपचारको सिफारिस** | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| ७ | **अपाङ्गता सिफारिस** | निःशुल्क | |
| ८ | **उद्योग ब्यवसाय सम्वन्धि** | | |
| क | उद्योग व्यवसाय ठाउसारी सिफारिस | ५०० | |
| ख | व्यवसाय दर्ता, बन्द, संचालनमा रहेको नरहेको सिफारिस | ५०० | |
| ग | ब्यवसाय नामसारी सिफारिस | १००० | |
| ९ | **संस्था दर्ता नविकरण सिफारिस** | | |
| क | प्रतिष्ठान धार्मिक संस्था, क्लव, संस्था समुह, समिति, सहकारी बहुउद्देशिय सहकारी संस्था. साना किसान सहकारी संस्था बचत तथा ऋण सहकारी संस्था दर्ता सिफारिस | १००० | |
| ख | संस्था नविकरण सिफारिस | ५०० | |
| १० | **योजना सम्पन्न सिफारिस दस्तुर** | | |
| क | १ लाखसम्म | ५०० | |
| ख | १ लाखदेखि ५ लाखसम्म | १००० | |
| ग | ५ लाखदेखि १० लाखसम्म | १५०० | |
| घ | १० लाखदेखि २० लाखसम्म | २००० | |
| ङ | २० लाखदेखि ५० लाखसम्म | ५००० | |
| च | ५० लाखदेखि १ करोड सम्म | १०००० | |
| छ | १ करोडदेखि ५ करोड सम्म | १५००० | |
| ज | ५ करोड भन्दा माथि जतिसुकै | २०००० | |
| झ | योजना म्याद थपको सिफारिस | २०० | |
| ञ | योजना माग सिफारिस | २५० | |
| ११ | **कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई व्यावसाय संचालन अनुमति दर्ता दस्तुर** | | |
| क | १ लाखसम्मको अधिकृत पूँजी भएको | ५०० | |
| ख | १ लाखदेखि २५ लाखसम्मको अधिकृत पूँजी भएको | २००० | |
| ग | २५ लाखदेखि ५० लाखसम्मको अधिकृत पूँजीभएको | १०००० | |
| घ | ५० लाख देखि १ करोडसम्मको अधिकृत पूँजीभएको | १५००० | |
| ङ | १ करोड देखि १० करोड सम्मको अधिकृत पूँजी भएको | २०००० | |
| च | १० करोड माथी जति सुकै अधिकृत पूँजी भए पनि | ३०००० | |
| १२ | **गापाको सम्पती बहाल दस्तुर** | | |
| क | सभाहल भाडा प्रति दिन | १००० | |
| ख | प्रोजेक्टर भाडा प्रति दिन | ५०० | |
| ग | वडा न ४ को सभाहल प्रतिदन | १५०० | |
| घ | टोटल स्टेशन प्रति दिन | २००० | |
| ङ | ब्याकहोलोडर प्रति घण्टा तेल सहित | ३२०० | रु २०० अपरेटरको भत्ता समेत |
| च | ब्याकहोलोडर प्रति घण्टा तेल वाहेक | १४०० | रु २०० अपरेटरको भत्ता समेत |
| छ | फोटोकपी प्रति पाना | ५ | |
| १३ | जिवित रहेको प्रमाणित | १५० | |
| १४ | नावालक सम्बन्धी प्रमाणित | १०० | |
| १५ | जातिय पहिचान र जातिय सिफारिस | १०० | |
| १६ | जन्म,विवाह,मृन्यु प्रमाणित | २०० | |
| १७ | स्थायी वा अस्थायी वसोवास प्रमाणित | २०० | |
| १८ | आन्तरिक वसाई सराई सिफारिस | २०० | |
| १९ | सरक्षक प्रमाणित तथा सिफारिस | २५० | |
| २० | फरक फरक नाम थर जन्म मिति भएको ब्यक्ति एउटै हो भनी गरिने सिफारिस | १५० | |
| २१ | विवाहित तथा अविवाहित सिफारिस | २५० | |
| २२ | आर्थिक अवस्था सम्बन्धी सिफारिस | १०० | |
| २३ | समुहगत ब्यक्तिगत फर्म दर्ताको स्थायी लेखा न सिफारिस | १५० | |
| २४ | सगोल प्रमाणित | २५० | |

| | | | |
|---|---|---|---|
| २५ | काउन्लर प्रमाणित प्रति कागजात | कानुनले तोके अनुसार | |
| २६ | विद्युत जडान सिफारिस | ३०० | |
| २७ | धारा जडान सिफारिस | १०० | |
| २८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने र रोहवरमा बस्नु पर्ने कागजात सिफारिस | ५०० | |
| २९ | व्यक्तिगत विवरण प्रमाणित | २०० | |
| ३० | आय श्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले | न्युनतम रु ५०० र वार्षिक हुन आउने मुल्याङ्कन रकमको ०।१ प्रतिशतका दर ले जुन बढी हुन्छ। आय प्रमाणित अग्रेजिमा आबश्यक भएमा माथि लेखिएको दस्तुरमा थप ४०० लाग्ने छ । | |
| ३१ | चल अचल सम्पत्ति मुल्याङ्कन | न्युनतम प्रति सिफारिस ५०० र कायम हुन आएको मुल्यको प्रति हजार रु १ जुन बढी हुन्छ। | |
| ३२ | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित प्रति लाख | ३०० | |
| ३३ | अपुताली सिफारिस | ५०० | |
| ३४ | विपन्न सिफारिस | ५० | |
| ३५ | काउन्सिलिङ भेरिफिकेशन प्रति पाना | १०० | |
| ३६ | छायाङ्कन सिफारिस | १००० | |
| ३७ | अंग्रेजिमा प्रमाणित कागज पत्र प्रति कागज | २०० | |
| ३८ | जन्म मिति संसोधन सिफारिस | | |
| | वालकको लागि | २०० | |
| | अन्यको लागि | ५०० | |
| ३९ | अवादी जग्गामा भएको रुख काट्नको लागि सिफारिस | प्रति रुख २०० | सम्वन्धित निकायबाट इजाजत अनुमती भएमा |
| ४० | संकलन तथा गोदाम शुल्क | १००० | |
| ४१ | श्रम स्वीकृत दस्तुर | संघीय सरकारले तोके बमोजिम | |
| ४२ | हात हतियार ईजाजतपत्र नविकरण | संघीय सरकारको नियमानुसार | |
| ४३ | कर, दस्तुर, महशुल आदि बुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा अर्को प्रतिलिपी | ५० | |
| ४४ | कार्यक्रम संचालन अनुमती सिफारिस | | |
| | स्थानीय क्लव तथा समुह लाई | ५०० | |
| | स्थानीय बाहेक अन्य संघ संस्था | १५०० | |
| ४५ | मूल दर्ता सिफारिस खानेपानी | ५०० | |
| ४६ | मूल दर्ता सिफारिस सिंचाई | १००० | |
| ४७ | अन्य मुलदर्ता सिफारिस गर्दा कार्यपालिकाको निर्णय गराई | १०००० | |
| ४८ | मौजुदा सूची सुचिकरण दस्तुर | १५० | यस गाउँपालिकामा दर्ता तथा नविकरण भएका परामर्श सेवा फर्म सप्लायर्स कम्पनी सघ सस्थालाइ सुचिकृत दस्तर लाग्ने छैन । |
| ४९ | भवन निर्माण दस्तुर प्रति वर्ग फिट | २ | |
| ५० | खानी दर्ता सिफारिस | १००० | |
| ५१ | वन दर्ता सिफारिस | १००० | आफ्नो नाममा दर्ता भएको जग्गामा वन बनाउन चाहनेलाइ कुनै शुल्क लाग्ने छैन । |
| ५२ | घर निर्माण नक्सा पास दस्तुरः प्रति बर्गफिटको | क। निवेदन फाराम रु १०० लिने<br>ख। ढलान गरी निर्माण गरिने घरको रु १,माटोको जडान गरि घर निर्माण गरिने घरको रु ०।५ प्रति वर्ग फिट<br>ग। नक्सा नामसारी तथा नविकरण प्रत्येक पटकको रु ५००।००<br>घ। साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु १००।००<br>ङ। नक्सा पास सम्बन्धी नक्सा पास प्रमाणपत्रको रु २०० पास भएको नक्साको रु ३०० दस्तुर लिई प्रतिलिपी दिने। | |
| **५३** | **घुम्ती व्यापारी बाट लिइने दस्तुर** | | |

| | | | |
|---|---|---|---|
| | एक हप्ता सम्मको लागि | रु १०० | |
| | एक महिना सम्को लागि | रु २५० | |
| | एक महिना भन्दा बढी ब्यापार गर्नेलाइर | रु ५०० | |
| | घुम्ती ब्यापारी हरुले वडा तथा गाउँपालिकाबाट अनिवार्य रुपमा ब्यापार ब्यवसाय गर्न अनुमती लिइ ब्यवसाय सचालन गर्नु पर्ने छ । | | |
| **५४** | **प्रयोगशाला शुल्क ल्याव परिक्षण शुल्क प्रति १ परिक्षण** | **शुल्क रु** | |
| **क** | **ल्याव सेवा शुल्क** | | |
| | TC,DC,HB,ESE,BT,CT,HV,ESR | ५० | |
| | Stool R/E,ME, Urine R/E, ME | ५० | |
| | Widel Test/ VDRL | १०० | |
| | VDRL | ८० | |
| | Blood Sugar | ५० | |
| | Serum Bilirubin | १०० | |
| | HBSAG | १२० | |
| | HIV Test/ MP/ स्कपटाईफस | निःशुल्क | |
| | UREA/creatinine | १०० | |
| | Blood Grouping | ५० | |
| | युरिकएसिड | १०० | |
| | CRP Test | २०० | |
| | PG test | ५० | |
| | BT/CT | १०० | |
| | ASO | १०० | |
| | HCV | २४० | |
| | RA Factor | १०० | |
| | SERUM Albunin | १०० | |
| **ख** | **पशु सेवा शुल्क** | | |
| **१** | **पशु पक्षी उपचार सेवा शुल्क प्रति १ जनावर** | | |
| | बाख्रा प्रजातीको जनावर | १० | |
| | गाई गोरु | २५ | |
| | भैसि प्रजाती | ३० | |
| | घोडा खच्चर | ५० | |
| | कुकुर | ५० | |
| | कुखुरा चराचुरुंगी प्रजाती | ५ | |
| २ | **प्रयेगशाला सेवा शुल्क** | | |
| | गोबर पिसाव परीक्षण | १० | |
| | थुनिलो | १० | |
| | रगत परीक्षण | २५ | |
| | पन्छि पोष्ट मार्टम | १० | |
| | गाइ भैसी पोष्ट मार्टम | १०० | |
| | कुकुर विरालो पोष्ट मार्टम | १०० | |
| | भेडा बाख्रा पोष्ट मार्टम | ५० | |
| | बगुर पोष्ट मार्टम | २०० | |
| **३** | **कृतिम गर्भाधान सेवा** | | |
| | चौपाया कृतिम गर्भाधान शुल्क कार्यालयमा | २५ | |
| | चौपाया कृतिम गर्भाधान शुल्क फिल्ड | ३०० | |
| **४** | **पशु बन्ध्याकरण सेवा** | | |
| | बोका कार्यालयमा | २५ | |
| | बोका फिल्डमा | २०० | |
| | कुकुर | १०० | |
| | बहर रागा बन्धाकरण | २०० | |
| ५ | पशुपक्षी निकासी वा पैठारी दस्तुर | | |

| | | | |
|---|---|---|---|
| | संरक्षण सूचीमा परेको गड्डी भैसी बाहेका अन्य भैसीको निकासीमा प्रति भैसी | १०० | |
| | बाख्रा प्रजातीको पशु चौपाया प्रति चौपाया | ३० | |
| | कुखुरा पक्षी प्रजातीको | १ | |
| ग | **आयुर्वेद सेवा शुल्क** | | |
| | पचकर्म सेवा स्नेहन स्वेदन शिरोधारा  घुम्न र मर्दन | १०० | |

| ५५ | उद्योग तथा ब्यवसायको प्रकार | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| **१ उत्पादनमूलकउद्योग** | | | | | |
| १ | ग्रील उद्योग | | १०००।०० | ५००।०० | |
| २ | जुत्ता उद्योग | | ५००।०० | ३००।०० | |
| ३ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी,अचार तथा अन्य ) | | ३००।०० | २००।०० | |
| ४ | कपडा तथा गार्मेन्ट उद्योग | | २०००।०० | १०००।०० | |
| ५ | प्रशोधन केन्द्र | | २०००।०० | १०००।०० | |
| ६ | कोल्ड स्टोर | | १०००।०० | ५००।०० | |
| ७ | सिरक डसना उद्योग | | ७००।०० | ४००।०० | |
| ८ | कुटानी पिसानी मिल।घट्ट | | १०००।०० | ५००।०० | |
| ९ | मसला उद्योग | | ५००।०० | ३००।०० | |
| १० | डेरी उद्योग/ व्यवसाय | | ३००।०० | २००।०० | |
| ११ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० | ५००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० | ५००।०० | |
| | | पापड चिप्स फिगर | १०००।०० | ५००।०० | |
| १२ | वनजन्य उद्योग | सःमिल प्लाईउड उद्योग | ५०००।०० | २५००।०० | |
| | | काठ बिक्री डिपो | ३०००।०० | १५००।०० | |
| १३ | क्रसर/कन्क्रीट/ईट भट्टा उद्योग | | ५०००।०० | २५००।०० | |
| १४ | ढाका टोपी पस्मिनाउद्योग | | १०००।०० | ५००।०० | |
| १५ | सुर्तिजन्य उद्योग | | ५०००।०० | २५००।०० | |
| १६ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १०००।०० | ५००।०० | |
| | | भोजनालय | ५००।०० | ३००।०० | |
| | | मिठाई पसल | ५००।०० | ३००।०० | |
| | | पार्टी प्यालेस | २५००।०० | १३००।०० | |
| | | रेष्टुरेन्ट बार | २०००।०० | १०००।०० | |
| | | चिया र खाजा पसल | २५०।०० | १००।०० | |
| | | खाना, खाजा नास्ता पसल | ५००।०० | ३००।०० | |
| **२ सेवाउद्योगसम्बन्धीः** | | | | | |
| १ | सञ्चार | एफ.एम.प्रसारण | २०००।०० | १०००।०० | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | १०००।०० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ५००।०० | ३००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५००।०० | ३००।०० | |
| | | कुरियर सेवा | ५००।०० | ३००।०० | |
| | | कलर ल्याब/ फोटो स्टुडियो | ७००।०० | ३००।०० | |
| २ | वित्तीय | वाणिज्य वैंक विकास वैंक प्रति शाखा / केन्द्रिय कार्यालय | ८०००।०० | | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २५००।०० | | |
| | | वित्तीय / ऋण सहकारी संस्था | १०००।०० | | |
| | | मनीट्रान्सफर | १५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विमाकम्पनी | २०००।०० | | |
| | | लघुवित्त | ५०००।०० | | |
| ३ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्गहोम | ५०००।०० | २५००।०० | |
| | | क्लिनिक तथा ल्याब | २०००।०० | १०००।०० | |
| | | चस्मा पसल | १०००।०० | ५००।०० | |
| ४ | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | १०००।०० | |
| | | मा.वि. | १५००।०० | ८००।०० | |
| | | आधारभूत | १०००।०० | ५००।०० | |
| | | छात्रावास | १०००।०० | ५००।०० | |
| | | मन्टेश्वरी | ५००।०० | ३००।०० | |
| | | पूर्व प्राथमिक | ५००।०० | ३००।०० | |
| | | ट्युशन सेन्टर | १०००।०० | ५००।०० | |
| | | कम्प्युटर/नृत्यकला सिकाइकेन्द्र | १०००।०० | ५००।०० | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००।०० | ५००।०० | |
| ५ | मर्मत सम्भार | टायर ट्युव मर्मत, रिसोलिङ्ग , हावा भर्ने | ५००।०० | ३००।०० | |
| | | इन्जिन मर्मत | १०००।०० | ५००।०० | |
| | | डेन्टिङ्गपेन्टिङ्ग | ५००।०० | ३००।०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल इलेक्ट्रोनिक) | ५००।०० | ३००।०० | |
| | | मोटरसाइकल मर्मत | ५००।०० | ३००।०० | |
| | | बस,ट्याक्सी सवारी साधन मर्मत | १०००।०० | ५००।०० | |
| | | अन्य विविध मर्मत | ५००।०० | ३००।०० | |
| ६ | ड्राइक्लिन, व्युटी पार्लर तथा सैलुन | | ५००।०० | ३००।०० | |
| ७ | फूल विरुवा फर्म | | निशुल्क | ३००।०० | |
| ८ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० | | |
| | | स्थानीय | १०००।०० | | |
| ९ | निर्माण व्यवसाय नयाँ दर्ता | | ३००००।०० | | |
| १० | निमार्ण ब्यवसाय इजाजत पत्र नविकरण | असोज मसान्त भित्र | ३५००।०० | सो पछि १००० जरिवाना लिइ ऐन नियमावलीले तोकेको अवधि भित्र नविकरण गरिने छ | |
| ११ | निमार्ण ब्यवसाय इजाजत पत्र प्रतिलिपि | | १५००।०० | | |
| | निमार्ण ब्यवसाय इजाजत पत्र नामसारी | | ५०००।०० | | |
| १२ | समुह दर्ता तथा नविकरण | आमा समुह | ४००।०० | २०० | |
| | | कर्षि तथा पशुपालन समुह | ५००।०० | ३०० | |

दर्ता शुल्क सम्बन्धीः

| क्रसं | दर्ता विवरण | अवधी | दस्तुरदररु | कैफियत |
|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता शुल्क नयाँ तथा प्रतिलिपि | व्यक्तिगत घटना दर्ता ऐन नियमावलीमा भएको व्यवस्था बमोजिम हुने छ | | |
| २ | अन्य व्यवसाय दर्ता शुल्क | १ लाखसम्मको पूँजी भएको | ३०० | |
| | | १ लाखदेखि ५ लाखसम्मको पूँजीभएको | ५०० | |
| | | ५ लाखदेखि १०लाखसम्मको पूँजीभएको | १००० | |
| | | १० लाखदेखि२५लाखसम्मको | १२५० | |
| | | २५ लाखदेखि माथि | १५०० | |
| ३ | लैंगिक तथा घरेलु हिंसा सम्बन्धी उजुरी तथा मुद्दा दर्ता शुल्क दस्तुर | | निशुल्क | |
| ४ | अन्य उजुरी तथा मुद्दा दर्ता दस्तुर | | ५०० | |
| ५ | अन्य व्यवसाय नविकरण र नामसारी सिफारिस | १ लाखसम्मको | २०० | |
| | | १ लाखदेखि ५ लाखसम्मको | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| | | ५ लाखदेखि १० लाखसम्मको | ५०० | |
| | | १० लाखदेखि २५ लाखसम्मको | ७५० | |
| | | २५ लाखदेखि माथि | १००० | |

## अनुसूची – ८

**पर्यटनशुल्क**

| क्रसं | विवरण | लाग्नेशुल्क | कैफियत |
|---|---|---|---|
| १ | स्वदेशी पर्यटकको लागि प्रवेश शुल्क | निशुल्क | |
| २ | विदेशी पर्यटकको लागि प्रवेश शुल्क | १००।०० | |

## अनुसूची – ९

**प्राकृतिक श्रोत करः (स्थानीय प्राकृतिक श्रोत तथा प्रयोग)**

| क्रसं | प्राकृतिक श्रोतको विवरण | एकाई | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक वनको वन पैदावार विक्रि वितरण | गाउँपालिका अन्तरगतका सामुदायिक वनहरुबाट बिक्री भएको काठ, दाउराबाट प्राप्त राजस्व रकम को १० प्रतिशत | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख बमोजिम कायम हुने। |
| २ | अवादी तथा निजि वनको वन पैदावार विक्रि वितरण | | | |
| | ओखर जस्ता काठ | प्रति किलो | १० | |
| | खयर | प्रति के.जी. | १५ | |
| | अन्य जातको काठमा | प्रति के.जी. | ५ | |
| | टुनी | प्रति घन फिट | १० | |
| | साल | प्रति घन फिट | २० | |
| | सल्ला | प्रति घन फिट | १० | |
| | साल र सल्ला बाहेक अन्य वन पैदावार | प्रति घन फिट | ५ | |
| ३ | स्लेट सकलन तथा विक्रि | प्रति घन मिटर | १४१ | |
| ४ | ढुंगा गिट्टि रोडा ग्रेभल बालुवा संकलन तथा विक्रि | प्रति घन मिटर | प्रदेश कानुन बमोजिम हुने | |
| ५ | निजि जग्गाको माटो विक्रि | प्रति घन फिट | प्रदेश कानुन बमोजिम हुने | वार्षिक कति माटो निकाल्नु पर्ने हो स्थानीय तहबाट निर्णय गरि एकमुष्ट शुल्क लिने । |
| ढुंगा गिट्टि रोडा ग्रेभल स्लेट बालुवा दहत्तर बहत्तर नियमन सम्वन्धी जरिवाना प्रदेश कानुन बमोजिम हुने छ । | | | | |

# आर्थिक बर्ष २०८२/०८३ को

# बिनियोजन ऐन, २०८२

भागेश्वर गाउँपालिका

डडेल्धुरा जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल

# विनियोजन ऐन, २०८२

<u>गाउँसभामा पेश भएको मिति: २०८२।०३।१० गते</u>

**भागेश्वर गाउँपालिका, डडेल्धुराको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

**प्रस्तावना :**

भागेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भागेश्वर गाउँपालिका, डडेल्धुराको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भागेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गते देखि लागु हुनेछ ।

**२. आर्थिक बर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२,५७,५०,०००।- (अक्षेरुपी बाउन्न करोड सन्ताउन्न लाख पचास हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८२।०८३ को लागि भागेश्वर गाउँपालिका, डडेल्धुराको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०% प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च तर्फ विनियोजित रकम चालु खर्च शिर्षक तर्फ सार्न सकिने छैन तर चालु तथा पुँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १०% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।